# कञ्चन गाउँपालिकाको आ.ब. २०८०/८१ को

# लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरण

# (लैउसास) बजेट परीक्षण प्रतिवेदन




प्रस्तुतकर्ता: आरम्भ कन्सल्टिंग प्रा.लि

बुटवल ९ रुपन्देही


२०८१ असोज

# कञ्चन गाउँपालिकाको नक्सा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# दुई शब्द

नेपालको संविधानको प्रस्तावनामा नै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने कुरा उल्लेख गरिएको छ । अझ नेपालले अन्तरष्ट्रिय जगतमा समावेशीकरण सम्वन्धी नीति अवलम्बन गर्ने सम्बन्धमा विभिन्न महासन्धिहरुमा प्रतिवद्दता गरेको छ ।

संविधान अनुसार स्थानीय तहको पुनर्संरचना भई झण्डै डेढ दशक पश्चात नागरिकले निर्वाचित जनप्रतिनिधि मार्फत शासित हुने अवसर पाएका छन् । स्थानीय तहको निर्वाचन प्रणाली पनि समावेशी प्रकृतिको छ। ७५३ वटा स्थानीय सरकारमा १५०४१ जना प्रतिनिधि निर्वाचित भएका छन् जहाँ ४१ प्रतिशत महिला निर्वाचित भएका छन् भने दलितको सहभागिता १९ प्रतिशत रहेको छ । नेपालको इतिहासमै निर्वाचत मार्फत नेतृत्वमा पुगेको महिला तथा दलितहरुको यो संख्या उत्साहजनक रहेको छ ।

नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्यहरु र विभिन्न कानूनी दस्तावेजहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरुलाई सम्बोधन गर्दै राष्ट्रिय प्राथमिकता दिईएको छ । खास गरी २०६२/६३ को आन्दोलन पश्चात अन्तरिम संविधान २०६३ जारी भए पश्चात स्थानीय तहको बजेट र कार्यक्रमलाई लैङ्गिक तथा सामाजिक समावेशी बनाउने बजेट र कार्यक्रमहरु शुरु भएको देखिन्छ । यो विषयलाई नेपालको संविधान २०७२ ले समेत निरन्तरता दिएको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई स्थानीय तहमा कार्यान्वयन गर्न महिला तथा बञ्चितीकरणमा परेका वर्गहरुलाई विकासको मूल प्रवाहमा ल्याई समावेशी विकास गर्न संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले धेरै प्रयासहरु गर्दै आएको छ ।

साविकका स्थानीय निकायहरुले अवलम्बन गरेका नीति तथा कार्यक्रम र वजेटमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशिकरणको दृष्टिकोणबाट कति समावेशी छ ? भनेर वार्षिक रुपमा परीक्षण गर्ने परिपाटीको विकास शुरु भयो जसको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशी नीति २०६६ जारी भएको थियो । यसै नीतिलाई कार्यान्वय गर्न तत्कालिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी वजेट तर्जुमा एवं परीक्षण निर्देशिका २०६८ जारी गर्यो ।

स्थानीय तहको पुनर्सरचना पश्चात पनि कञ्चन गाउँपालिकाको कार्यालयले लैङ्गिक उत्तरदायी तथा सामाजिक वजेट परीक्षण कार्यलाई निरन्तरता दिएको छ । यसै सन्दर्भमा गाउँपालिकाले आ.व. २०८०/८१ मा कार्यान्वयन गरेको नीति तथा कार्यक्रम र वजेटको परीक्षण गर्ने कार्य भएको छ र यो कार्य लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका, २०६८ लाई मुख्य आधार मानी सम्पन्न गरिएको छ ।

परीक्षणका जम्मा ८ मुख्य सूचक र हरेकका ३ उप सूचक रहेका छन् । उक्त सूचकहरुलाई पुष्टी गर्ने हरेक उपसूचकका अन्य चार चार सहायक सूचकहरु रहेका छन् । परीक्षण कार्यमा गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुले आ–आफ्ना दृष्टिकोण र बुझाइका आधारमा हरेक सहायक सूचकहरुमा सामुहिक रुपमा छलफल पश्चात अंक दिनु भएको छ । उक्त अंकका आधारमा माकुरे चित्र,सबल तथा सुधार गर्नुपर्ने पक्षहरु,परीक्षणबाट आएका मुख्य प्राप्तीहरु र कार्य योजना निर्माण गरिएको छ । यो परीक्षणले गाउँपालिकाको कार्यालयलाई लैङ्गिक तथा सामाजिक समावेशी योजना तर्जूमा गर्न र सो को कार्यान्वयन गर्न सहयोगी भूमिका निर्वाह गर्नेछ भन्नेमा विश्वास गर्न सकिन्छ ।

कञ्चन गाउँपालिकाको कार्यालयले यस लैङ्गिक लैङ्गिक तथा सामाजिक समावेशी वजेट विश्लेषण तथा परीक्षण गर्न यस आरम्भ कन्सल्टिंग प्रा.लि लाई जिम्मेवारी दिएको थियो । यस महत्वपूर्ण जिम्मेवार प्रदान गर्नु भएकोमा गाउँपालिकाका अध्यक्ष श्री नवराज ढकाल,उपाध्यक्ष श्री मौसमी थापा मगर तथा प्रमुख प्रशासकीय अधिकृत सागर गौतम प्रति आभार प्रकट गर्दछौं । अभिमुखिकरण तथा परीक्षण कार्यमा संलग्न भएर सहयोग गर्नुहुने र प्रारम्भिक प्रतिवेदनमा आफ्ना सुझाव तथा सल्लाह दिएर प्रतिवेदनलाई परिस्कृत बनाउन सहयोग गर्नुहुने गाउँपालिकाका सबै जनप्रतिनिधिहरु,कार्यालयका कर्मचारीहरु र गाउँपालिका परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छौं । साथै प्रतिवेदनलाई अझ व्यवस्थित,परिष्कृत र विशिष्ट बनाउन आवश्यक सकारात्मक सुझावहरुको समेत अपेक्षा गर्दछौं ।

**चिरन्जिबी भट्टराई**

आरम्भ कन्सल्टिंग प्रा लि

रुपन्देही ।

# परिच्छेद — १

# भूमिका

## १.१ पृष्ठभूमी

नेपालको संविधानको प्रस्तावनामा नै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न सामानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामुलक समाजको निमार्ण गर्ने कुरा उल्लेख गरिएको छ । धारा ४, धर्म निरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य संविधानको भाग ३ ले सबै नागरिकलाई समान रुपमा व्यवहार गरिने (मौलिक हक र कर्तव्य) कुरा उल्लेख गरिएको छ । छुवाछुत तथा भेदभाव विरुद्धको हक (धारा २४), महिलाको हक (धारा ३८), दलितको हक (धारा ४०), सामाजिक न्यायको हक (धारा ४२) सामाजिक सुरक्षाको हक (धारा ४३) तथा हरेक स्थानीय तहमा कम्तीमा पनि महिला, अल्पसंख्यक र दलितको प्रतिनिधित्व हुनै पर्ने भाग १८ मा व्यवस्था गरिएको छ ।

समावेशीकरणको लागि नै राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाती आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोग गरी सातवटा नयाँ आयोगलाई संवैधानिक तहको रुपमा स्थापना गरिएको छ । संवैधानिक अंग र तहका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्त बमोजिम गरिने धारा २८३ को व्यवस्था छ । संवैधानिक परिषदमा कम्तीमा एक जना महिला सदस्य रहने गरी धारा २८४ मा गरिएको व्यवस्था छ । संघीय निजामती सेवा लगायत सवै संघीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा संघीय कानून बमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुनेछ भन्ने धारा २८५ को व्यवस्था रहेको छ । धारा ३०६ मा अल्पसंख्यक सीमान्तीकृतको परिभाषा गरिएको पाईन्छ ।

नेपालले अन्तरष्ट्रिय जगतमा समावेशीकरण सम्वन्धी नीति अवलम्बन गर्ने सम्बन्धमा विभिन्न महासन्धिहरुमा प्रतिवद्दता गरेकोछ । सवै प्रकारको जातीय विभेद उन्मूलन महासन्धि, १९६५, Indigenous and Tribal Peoples Convention, 1989 (No. 169) Ratification registered on 14 September 2007 समावेशीकरणले जोड दिएका विषय क्षेत्र हुन । मधेशी, मुस्लिम एवम् पिछडिएका समुदायको विकास, दलित समुदायको समावेशीकरण, आदिवासी जनजाति उत्थान, दुर्गम र सुगम क्षेत्रको सन्तुलित विकास तथा अपाङ्गता भएका व्यक्तिको विकासमा नेपालले प्रतिवद्धता व्यक्त गरेको छ ।

## १.२ नेपालको सन्दर्भमा स्थानीय सरकारमा समावेशिता

### १.२.१ संवैधानिक र कानुनी व्यवस्था

- नेपालको संविधानको प्रस्तावनामा नै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद सबैप्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित

गर्न सामानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निमार्ण गर्ने कुरा उल्लेख गरिएको छ ।

- धर्म निरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य (धारा ४), सबै नागरिकलाई समान रुपमा व्यवहार गरिने (मौलिक हक र कर्तव्य) (भाग ३) । छुवाछुत तथा भेदभाव विरुद्धको हक (धारा २४), महिलाको हक (धारा ३८), दलितको हक (धारा ४०), सामाजिक न्यायको हक (धारा ४२), सामाजिक सुरक्षाको हक (धारा ४३) तथा हरेक स्थानीय तहमा कम्तीमा पनि महिला, अल्पसंख्यक र दलितको प्रतिनिधित्व हुनै पर्ने अनिवार्य व्यवस्था (भाग १८) छ।
- गाउँ सभाः गाउँ कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, प्रत्येक वडाबाट निर्वाचित चार जना सदस्य र गाउँसभाले निर्वातिच गरेका दलित २ जना दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित सदस्य रहनेछन् । वडा सदस्यमा कम्तिमा २ जना महिलाको प्रतिनिधित्व हुनेछ । धारा (२२२)
- नगर सभाः नगर कार्यपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष प्रत्येक वडाबाट निर्वाचित चार जना सदस्य र गाउँसभाले निर्वाचित गरेका दलित ३ जना दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित सदस्य रहनेछन् । धारा (२२२)
- गाउँ कार्यपालिकाः अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, गाउँसभाका सदस्यहरुले आफुमध्येबाट निर्वाचित गरेका ४ जना महिला सदस्य र गाउँसभाले निर्वाचित गरेका दलित २ जना दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित सदस्य रहनेछन् । (धारा २१५)
- नगर कार्यपालिकाः प्रमुख, उपप्रमुख, वडाध्यक्ष, नगरसभाका सदस्यहरुले आफुमध्येबाट निर्वाचित गरेका ५ जना महिला सदस्य र नगरसभाले निर्वाचित गरेका दलित वा अल्पसंख्यक समुदायबाट ३ जना सदस्य रहनेछन् । (धारा २१६)
- जिल्ला समन्वय समितिः जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित तथा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ । धारा २२० (उपधारा ३)
- गाउँपालिका वा गाउँपालिकाको वडा समितिका २ जना महिला सदस्य मध्ये कम्तिमा एकजना दलित महिला सदस्य निर्वाचित हुनु पर्नेछ । (स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६ को उपदफा २)
- गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखमा उम्मेदवारी मनोननय गर्दा सम्बन्धित राजनीतिक दलले दुई पद मध्ये ५० प्रतिशत महिला उम्मेदवार रहने गरी मनोनयन पत्र पेश गर्नु पर्दछ । (स्थानीय तह निर्वाचान ऐन २०७३ का दफा १९ को उपदफा ४)

- स्थानीय तहमा उपाध्यक्ष वा उपप्रमुखको सयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहनेछ (धारा २१७) ।
- उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा स्थानीय राजश्व परामर्श समिति गठन । समितिमा कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्य मध्येबाट १ जना महिला सहित २ जना रहने व्यवस्था । (स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५)
- स्थानीय तहको श्रोत अनुमान तथा वजेट निर्धारण समितिमा अध्यक्ष र उपाध्यक्ष वा प्रखुम र उपप्रमुख दुवै जना रहने व्यवस्था रहेको छ । उक्त समितिमा कार्यपालिकाका सदस्यहरु मध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी अध्यक्ष वा प्रमुखले तोकेको ४ जना सदस्य रहने व्यवस्था छ । (स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६)
- स्थानीय सरकारको वजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकमा उपाध्यक्ष वा उपप्रमुख रहने व्यवस्था (स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६७)
- गाउँपालिका/गाउँपालिकाको योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण कार्यको नेतृत्व उपाध्यक्ष/उपप्रमुखले गर्ने । (स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६ उपदफा ४ (ख) ।
- उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता अनिवार्य रहेको छ जहाँ प्रमुख तीन पद (अध्यक्ष, सचिव र कोषाध्यक्ष) मध्ये १ पदमा महिला हुनुपर्ने व्यवस्था । (यो स्थापित मापदण्ड हो र सबै स्थानीय सरकारले बनाएका उपभोक्ता समिति सम्बन्धि कार्यविधिमा अनिवार्य रुपमा उल्लेख गरेका छन्)

### १.२.२ नेतृत्वमा लैङ्गिक सहभागिता देशभरबाट निर्वाचित दलगत लैङ्गिक समावेशिता

जम्मा स्थानीय सरकारः ७५३, महानगरपालिकाः ६, उपमानगरपालिकाः ११, नगरपालिकाः २६७, गाउँपालिकाः ४६० रहेका छन् ।

**(स्थानीय निर्वाचन २०७९)**

| सि.नं. | पार्टी | महिला | पुरुष | निर्वाचित जम्मा उमेदवार |
|---|---|---|---|---|
| १ | नेकपा कांग्रेस | ५५७३ | ८२०० | १३७७३ |
| २ | नेकपा एमाले | ५०५९ | ६८७० | ११९२९ |
| ३ | नेकपा माओवादी केन्द्र | २०७९ | २९६६ | ५०४५ |
| ४ | जनता समाजवादी पार्टी नेपाल | ६५४ | ९२९ | १५८३ |
| ५ | नेपाल कम्युनिष्ट -एकिकृत समाजवादी_ | ४०६ | ५८१ | ९८७ |
| ६ | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल | २५० | ३३१ | ५८१ |
| ७ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ११६ | १८९ | ३०५ |
| ८ | राष्ट्रिय जनमोर्चा | ६४ | ९५ | १५९ |
| ९ | नागरिक उन्मुक्ति पार्टी | ४३ | ५६ | ९९ |

| | | | | |
|---|---|---|---|---|
| १० | जनमत पार्टी -जपा_ | ४० | ५६ | ९६ |
| ११ | नेपाल मजदुर किसान पार्टी | ३२ | ५३ | ८५ |
| १२ | जनता प्रगतीशिल पार्टी, नेपाल | ९ | १३ | २२ |
| १३ | तराई मधेर लोकतान्त्रिक पार्टी | ४ | ८ | १२ |
| १४ | विवेकशील साझा पार्टी | ४ | ७ | ११ |
| १५ | नेपाल जनता पार्टी | ४ | ६ | १० |
| १६ | सघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | ३ | ६ | ९ |
| १७ | नेपाल लोकतान्त्रिक पार्टी | ३ | ४ | ७ |
| १८ | नेपाली कांग्रेस वि पी | ३ | ४ | ७ |
| १९ | राष्ट्रिय जनमुक्ति पार्टी | ३ | ४ | ७ |
| २० | बहुजन शक्ति पार्टी | २ | ४ | ६ |
| २१ | बहुजन एकता पार्टी नेपाल | ३ | २ | ५ |
| २२ | नेपाल सुशासन पार्टी | १ | ३ | ४ |
| २३ | नेपाल कम्युनिष्ट पार्टी माओवादी समाजवादी | २ | ० | २ |
| २४ | नेपाल सद्भावना पार्टी | ० | १ | १ |
| २५ | स्वतन्त्र | १०८ | २४४ | ३५२ |
| **जम्मा** | | **१४४६५** | **२०६३२** | **३५०९७** |

स्रोतः निर्वाचन आयोग नेपाल

## १.२.३ स्थानीय तह निर्वाचन २०७९ दलगत विवरण (लुम्बिनी प्रदेश)

| क्र. सं. | राजनीतिक दल/स्वतन्त्र | प्रमुख | | | अध्यक्ष | | | उपप्रमुख | | | उपाध्यक्ष | | | वडा अध्यक्ष | | | महिला सदस्य | दलित महिला सदस्य | सदस्य | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु | म | जम्मा | पु | म | जम्मा | पु | म | जम्मा | पु | म | जम्मा | पु | म | जम्मा | | | पु | म | जम्मा | |
| १. | नेपाली काँग्रेस | २१ | | २१ | २७ | | २७ | १ | ११ | १२ | ८ | २४ | ३२ | ३७० | ५ | ३७५ | ३७१ | ३८२ | ७३४ | २९ | ७६३ | १९८३ |
| २. | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ८ | १ | ९ | १७ | १ | १८ | १ | १५ | १६ | २ | २२ | २४ | ३११ | ३ | ३१४ | ३३४ | ३२४ | ६४० | १७ | ६५७ | १६९६ |
| ३. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३ | | ३ | २२ | | २२ | २ | २ | ४ | ३ | ८ | ११ | १६५ | ५ | १७० | १६१ | १५८ | २९२ | १० | ३०२ | ८३१ |
| ४. | जनता समाजवादी पार्टी, नेपाल | १ | | १ | २ | | २ | १ | १ | २ | | १ | १ | ४३ | | ४३ | ४१ | ३७ | ७३ | २ | ७५ | २०२ |
| ५. | राष्ट्रिय प्रजातन्त्र पार्टी | १ | | १ | | | | | १ | १ | | १ | १ | २१ | | २१ | १८ | २१ | ४४ | १ | ४५ | १०८ |
| ६. | राष्ट्रिय जनमोर्चा | १ | | १ | १ | | १ | १ | | १ | १ | | १ | १६ | | १६ | १९ | २१ | ४० | | ४० | १०० |
| ७. | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल | | | | २ | | २ | | | | | २ | २ | १४ | १ | १५ | १९ | १८ | ३७ | | ३७ | ९३ |
| ८. | जनमत पार्टी (जपा) | | | | | | | | | | | | | ६ | | ६ | ७ | ६ | १४ | १ | १५ | ३४ |
| ९. | जनता प्रगतिशिल पार्टी, नेपाल | | | | १ | | १ | | | | | १ | १ | ४ | | ४ | ३ | ५ | ८ | | ८ | २२ |
| १०. | नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजबादी) | | | | | | | | | | | | | ४ | | ४ | ३ | २ | ७ | | ७ | १६ |
| ११. | बहुजन शक्ति पार्टी | | | | | | | | | | | | | १ | | १ | १ | १ | २ | | २ | ५ |
| १२. | नेपाल जनता पार्टी | | | | | | | | | | | | | १ | | १ | १ | १ | २ | | २ | ५ |
| १३. | राष्ट्रिय जनमुक्ति पार्टी | | | | | | | | | | | | | | | | | | १ | | १ | १ |
| १४. | स्वतन्त्र | | | | | | | | | | | | | १३ | | १३ | ५ | ७ | १२ | | १२ | ३७ |
| **कूल जम्मा** | | ३५ | १ | ३६ | ७२ | १ | ७३ | ६ | ३० | ३६ | १४ | ५९ | ७३ | ९६९ | १४ | ९८३ | ९८३ | ९८३ | १९०६ | ६० | १९६६ | ५१३३ |

### १.२.४ स्थानीय तह निर्वाचन, २०७९ (कञ्चन गाउँपालिकाको वडागत लैङ्गिक सहभागिता)

| वडा नं. | अध्यक्ष | | | उपाध्यक्ष | | | वडा अध्यक्ष | | | सदस्य | | | महिला | दलित | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | | | पुरुष | महिला | जम्मा |
| | १ | | १ | | १ | १ | | | | | | | | | १ | १ | २ |
| १ | | | | | | | १ | | १ | २ | | २ | १ | १ | ३ | २ | ५ |
| २ | | | | | | | १ | | १ | २ | | २ | १ | १ | ३ | २ | ५ |
| ३ | | | | | | | १ | | १ | १ | | १ | २ | १ | २ | ३ | ५ |
| ४ | | | | | | | १ | | १ | २ | | २ | १ | १ | ३ | २ | ५ |
| ५ | | | | | | | १ | | १ | २ | | २ | १ | १ | ३ | २ | ५ |
| जम्मा | १ | ० | १ | ० | १ | १ | ५ | ० | ५ | ९ | ० | ९ | ६ | ५ | ३४ | २३ | २७ |

### १.२.५ स्थानीय तह निर्वाचन २०७९, दलगत विवरण (कञ्चन गाउँपालिका)




| | |
|---|---|
| कुल जनसंख्या | ४२,५२८ |
| वडा संख्या | ५ |
| मतदान केन्द्र | ६ |
| पुरुष मतदाता संख्या | १३,८३६ |
| महिला मतदाता संख्या | १५,१४१ |
| अन्य मतदाता संख्या | १ |
| कुल मतदाता संख्या | २८,९७८ |

## १.३. सरकारी सेवामा लैङ्गिक सहभागिता

**तालिका ७३ : खुला, आ.प्र. र समावेशी समूहका विज्ञापनबाट सिफारिस भएका समावेशी समूहका उम्मेदवारको विवरण**

| सिफारिस समूह | समावेशी समूह अनुसार सिफारिस उम्मेदवार संख्या | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | महिला | आ.ज. | मधेसी | दलित | अपाङ्ग | पि.क्षे. | |
| आ.प्र. | ५३ | ५२ | २७ | १७ | ९ | ७४ | २३२ |
| खुला | ३७३ | २०५ | २४२ | ३३ | २७ | १५८ | १,०३८ |
| महिला | ५०० | ७९ | ५१ | ११ | ७ | २१ | ६६९ |
| आ.ज. | ९४ | ४०१ | ० | ० | १४ | ५ | ५१४ |
| मधेसी | ४० | ० | ३१० | ० | ६ | ० | ३५६ |
| दलित | २३ | ० | ० | १३३ | ० | ९ | १६५ |
| अपाङ्ग | ७ | २ | ३ | १ | ५८ | ४ | ७५ |
| पि.क्षे. | ९ | ० | ० | ० | २ | ५८ | ६९ |
| **जम्मा** | **१,०९९** | **७३९** | **६३३** | **१९५** | **१२३** | **३२९** | **३,११८** |

## १.४ लैङ्गिक उत्तरदायी बजेट

योजना तथा बजेट तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, तेश्रो लिंगी, अपांगता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेट नै लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट हो । यो लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक ढंगले, योजनावद्ध रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलव्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा गर्ने प्रक्रिया हो ।

लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट तर्जुमा एक औजार हो, जसले बजेटलाई निर्दिष्ट लक्षित कार्यक्रमको लागि विनियोजन गर्न मद्दत गर्दछ । यो महिला वा सामाजिक रुपले वञ्चितिकरणमा परेका व्यक्तिहरूको लागि छुट्टयाईएको छुट्टै विषेश बजेट होइन । समाजमा महिला र पुरुषको भूमिका, आवश्यकता र प्राथमिकता फरक फरक हुने कुरालाई यस बजेटले आत्मसाथ गर्दछ । यसले खासगरी समाजमा रहेका विभिन्न समुहका महिला वा पुरुषको आवश्यकता, हित र सरोकारका विषयमा ध्यान निर्दिष्ट गरी उनीहरूको आवश्यकताको सम्बोधनको सुनिश्चितता खोज्दछ । यसले योजना तथा बजेट प्रक्रियाका सबै चरणहरूमा समतामूलक समानता कायम गर्न खोज्दछ ।

स्थानीय सरकारले गर्ने कार्यक्रमलाई समावेशितामा समेट्नु पर्ने महिला पुरुषहरूको तथा समाजका अन्य महिला पुरुषबीच विद्यमान शक्ति सम्वन्धको असन्तुलनलाई कम गर्ने तथा कमजोर शक्ति सम्वन्ध भएकाहरूको सशक्तिकरणमा सहयोग पुग्ने गरी गरिने बजेट तर्जुमा पद्धतिलाई लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट भनि वुझ्नु पर्दछ ।

## १.५ लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरण बजेट परीक्षण

महिला र पुरुषको समानुपातिक विकास बिना समुन्नत समाजको कल्पना गर्न सकिदैन । समुन्नत समाज निर्माणका लागि समानुपातिक विकास आजको आवश्यकता हो । समग्र राष्ट्र विकासमा महिला र पुरुषको समान महत्व हुंदाहुंदै पनि व्यवहारमा समानता छैन । आधा जनसंख्या ओगटेको महिलाहरूको विकासमा राज्यले संविधानप्रदत्त हक अधिकारको कार्यान्वयन गर्न तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धताहरूलाई पुरा गर्न विशेष जोड दिनु पर्ने देखिन्छ । संविधानको मर्म र भाबना अनुरूप लैंङ्गिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने तथा समानुपातिक, समावेशी तथा सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक सामाजको निर्माण गर्नका लागि संघीय संरचना अन्तर्गत बन्ने स्थानीय तह तथा अन्य निकायहरूले आ आफ्नो नीति तथा कार्यक्रमहरूमा लैङ्गिक उत्तरदायी बजेट तथा परीक्षण प्रणालीलाई आन्तरिकीकरण गर्न अपरिहार्य रहेको छ ।

समग्रमा कञ्चन गाउँपालिकाले गत आर्थिक वर्ष २०८०/०८१ मा अवलम्बन गरेका नीति तथा कार्यक्रम र वजेटमा लैङ्गिक उत्तरदायी र समावेशी वजेटको दृष्टिकोणबाट कस्तो अवस्था रहेको थियो भन्ने मूल उद्देश्यले लैङ्गिक उत्तरदायी र समावेशी वजेट परीक्षण गर्ने उद्देश्यले यो प्रस्तावना तयार पारिएको छ ।

## १.६ लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षणको महत्व

लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षणको महत्व देहायका बमोजिम रहेको छः

(क) यस बजेटले लैङ्गिक तथा सामाजिक समावेशी प्रभावका सम्बन्धमा पारदर्शिता तथा जवाफदेहिताको सम्बन्धनद्वारा सुशासनलाई अग्रगति प्रदान गर्दछ ।

(ख) समावेशीमा पर्ने पक्ष, वर्ग र समुदायका आवश्यकता र सरोकारहरूलाई सम्बोधन गर्ने हुंदा सामाजिक न्याय स्थापित गर्दछ ।

(ग) लैङ्गिक समानता तथा सामाजिक समावेशीताको लागि बजेटको पुनसंरचना तथा सुनिश्चितता गर्दछ ।

(घ) यसले विभिन्न वर्गमा लैङ्गिक समानता तथा सामाजिक समावेशी प्राप्तिका लागि अभिव्यक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू जस्तै महिला विरुद्ध हुने सवैप्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि बेइजिङ्ग कार्यमञ्च अन्तर्राष्ट्रिय जनसंख्या र विकास सम्मेलनद्वारा पारित कार्ययोजना र दीगो विकास लक्ष्यको कार्यान्वयन र विनियोजित साधन स्रोत बीचको खाडललाई सम्बोधन गर्दछ ।

(ङ) यसले महिला र पुरुष बीच उत्पादनशील साधन स्रोतको समतामुलक वितरणको माध्यमद्वारा गरीबी निवारणको अभियानलाई गति प्रदान गर्दछ ।

(च) यसले बजेटको कार्यान्वयन तथा कार्य सम्पादन क्षमतामा सुधार गर्दछ र सीमित साधन स्रोतको अधिकतम उपयोगलाई बढावा दिन्छ ।

(छ) यसले बजेटको आर्थिक दक्षता बढाउनुको साथै सामाजिक न्याय सम्बन्धी बृहत लक्ष्य प्राप्तिमा उल्लेखनीय योगदान पुऱ्याउदछ ।

(ज) यसले सरकार तथा नागरिक समाज बीच अझ बढि खुल्ला सकारात्मक सम्बन्ध स्थापित गर्न सघाउछ ।

(झ) यसले नीतिगत तथा रणनीतिगत लक्ष्यको सफलताका लागि अनुगमन गर्दछ ।

(ञ) यसले पछाडि परेका समुदायको हित तथा सरोकारका मुद्धालाई वित्तीय नीति निर्माणमा महत्वका साथ उजागर गर्दछ ।

(ट) समष्टिमा यसले गाउँपालिका क्षेत्रमा रहेका सबै समुदायमा लैङ्गिक समानता तथा सामाजिक समावेशिता हासिल गराउछ ।

## १.७ लैङ्गिक वजेट परीक्षणको उद्देश्य

लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षणको उद्देश्य यस प्रकार रहेको छः

(क) राज्यले समावेशीताको सिद्धान्तलाई अबलम्बन गरेको सन्दर्भमा सो कुरालाई कार्यान्वयन तहमा रुपान्तरण गर्न बजेट प्रक्रिया लैङ्गिक उत्तरदायी भए नभएको लेखाजोखा गर्ने ।

(ख) समावेशीकरणको लक्ष्यलाई स्थानीय तहको संरचना र कार्य योजनामा स्थान दिने ।

(ग) संस्थागत एवं कार्यक्रमगत रूपमा स्थानीय तहलाई लैङ्गिक एवं समावेशीकरण मैत्री बनाउने।

(घ) लैङ्गिक उत्तरदायी कार्यक्रमको योगदानलाई उजागर गर्ने र यरमा भएका कमी कमजोरीहरुको पहिचान गर्ने ।

## १.८ अध्ययनका क्षेत्रहरू

क्षेत्र — १ स्थानीय निकायको नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास

क्षेत्र — २ स्थानीय निकायको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रममको मूलप्रवाहीकरण

क्षेत्र — ३ लक्षित कार्यक्रम

क्षेत्र — ४ लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

क्षेत्र — ५ आन्तरिक संरचना

क्षेत्र — ६ सुशासन

क्षेत्र — ७ मानव संसोधन, सम्बन्ध विस्तार

क्षेत्र — ८ लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता

## १.९ लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षणको विधि र प्रक्रियाः

लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परिक्षणले एउटा पक्षलाई मात्र नभई धेरै पक्षलाई समेटेर स्थानीय सरकारलाई सुधारात्मक बाटोमा लैजान पनि मद्दत गर्ने भएकोले विषयवस्तु सुहाउँदो विधि वा प्रकृयाहरू अपनाइएको थियो । यस परिक्षणमा कञ्चन  गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरू बसेर आफ्नो निकायको लैङ्गिक उत्तरदायी वजेट परिक्षणबाट संस्थाको स्वमूल्याङ्कन गरी नतिजा सार्वजनिक गरिएको छ । यस सन्दर्भमा यही मिति २०८१ साल असोज १५ गते गाउँपालिका सदस्य, शाखा प्रमुख, महिला सञ्जाल तथा नागरिक समाजका प्रतिनिधिहरुको सहभागितामा गाउँपालिकाको गत आर्थिक वर्ष २०८०/८१ सम्पादन भएका कार्यहरुको आधारमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण गरिएको छ । यस लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण कार्यका सन्दर्भमा विधि तथा प्रक्रियाको अवलम्वन गरिएको थियो ।

### १.९.१ सान्दर्भिक सामग्रीहरुको अध्ययन

लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण कार्यगर्नु पूर्व सान्दर्भिक सामाग्रीहरुको अध्ययन गरिएको छ । विशेषगरी तत्कालिन स्थानीय निकायहरुको लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण गर्ने कार्यको लागि जारी स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका, २०६८ लाई मूख्य आधार बनाइएको छ ।

### १.९.२ कार्यालयले अवलम्वन गरेका नीति तथा कार्यक्रमहरुको अध्ययन र विश्लेषण

बजेट परीक्षणको क्रममा कञ्चन गाउँपालिकाले अवलम्बन गरेको वार्षिक नीति तथा कार्यक्रमहरुको अध्ययन र विश्लेषण गरिएको छ । विशेषगरी गाउँपालिकाको आ.व. २०७९/८० र २०८०/८१ को वार्षिक गाउँ विकास योजनाको पुस्तिका, कञ्चन राजपत्रहरु, वार्षिक प्रतिवेदनहरु तथा बुलेटिन, सामाजिक परीक्षण प्रतिवेदन, गाउँपालिकाको वस्तुगत विवरण गाउँपालिकाको लैङ्गिक प्रोफाइल, गाउँसभा सभाबाट जारी कानुन तथा गाउँ कार्यपालिकाको बैठकबाट सम्बन्धित निर्णयहरुको अध्ययन गरिएको छ ।

### १.९.३ सहभागितामूलक तवरवाट लेखाजोखा मार्फत नतिजको स्तरीकरण

बजेट परीक्षण टोलीले गाउँपालिकाको कार्यालयमा नै बसी सन्दर्भ सामाग्रीहरुको अध्ययन विश्लेषण गरे पश्चात गाउँ कार्यपालिकाका सदस्य, शाखा प्रमुख, महिला सञ्जाल तथा नागरिक समाजका प्रतिनिधिहरुको सहभागितामा एक दिने लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरण बजेट परिक्षण कार्यको सहभागितामूलक तवरबाट लेखाजोखा गरी नतिजाको स्तरिकरण गरिएको थियो ।

### १.९.४ माकुराको जालो तथा अन्य तालिकाहरुको प्रयोग गरी विश्लेषण

सहभागितामूलक तवरबाट गरिएको बजेट परीक्षणको लेखाजोखा गरी माकुरी जालो मार्फत नतिजाको स्तरिकरण गरी नतिजाको सोही समयमा सार्वजनिक गरिएको थियो । नतिजाको सार्वजनिकसँगै सवल

पक्ष र सुधारात्मक पक्षको विश्लेषण गरिएको छ भने गाउँपालिकाको लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना समेत निर्माण गरिएको छ ।

## १.१० लैङ्गिक परीक्षण कार्यको समय

लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरण बजेट परिक्षण अवधि लगभग एक महिनाको रहेको थियो। यस समयमा वजेट तथा कार्यक्रमसँग सम्वन्धित एवं नीतिगत विषयहरुसँग सम्वन्धित विभिन्न तथ्याङ्कको अध्ययन, स्थलगत भ्रमण, सरोकारवालाहरुसंगको छलफल, गाउँपालिकामा रहेका महिला, बालबालिका, आदिबासी जनजाती, जेष्ठ नागरिकहरुको बारेमा विभिन्न समितिहरुसंगको छलफल परिक्षणको तयारी आदि कार्यहरु सम्पादन भएका छन् ।

## १.११ यस परीक्षणका सीमाहरु

यो कार्य स्थानीय सरकारको रुपमा रुपान्तरण भएपश्चात कञ्चन गाउँपालिकाबाट पहिलो पटक भएको र यस सम्वन्धी कार्यान्वयन तहमा रहेको बुझाई समेतका कारणले गर्दा यस प्रतिवेदनका देहायका सीमाहरु रहेका छन् ।

- यो परीक्षण लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका, २०६८ लाई मुख्य आधार बनाई सोही बमोजिम परीक्षण कार्य सम्पन्न गरिएको छ ।
- यसमा कञ्चन गाउँपालिकाको कार्यालयबाट भए गरेका गतिविधिहरुको परीक्षण सम्पन्न गरिएको छ । यसले गाउँपालिकाको तर्फबाट सम्पादित आ.व. २०८०/८१ का लागि निर्धारित नीति, बजेट क्रियाकलापहरु र कार्यापालिकाले तयार गरेका नियमावलीहरुमा आधारित भएर प्राप्त नतिजाहरुको मात्र चित्रित गर्दछ ।
- यो परीक्षण कार्यमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरण वजेटको परीक्षण मात्र गरिएको छ नकी लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरण बजेट तर्जुमाको लेखाजोखा ।
- यो परीक्षण गाउँपालिकाबाट प्रत्यक्ष रुपमा संचालन गरिएको नीति, योजना र कार्यक्रमसँग मात्र सम्वन्धित रहनेछ ।
- गाउँपालिकाबाट उपलव्ध योजना दस्तावेजहरु र सोसँग सम्वन्धित प्रकाशनहरुमा भएका तथ्याङ्कहरुका आधारमा लेखाजोखा भएको हुँदा यसले अन्य प्रभाव मूल्याङ्कनका पक्षहरुको प्रतिनिधित्व गर्दैन ।

## १.१२ परीक्षण कार्यको जिम्मेवारी

लैउसास बजेट परिक्षण कार्यमा पहिलो पक्ष अर्थात कञ्चन गाउँपालिका र दोश्रो पक्ष अर्थात परामर्शदाता (आरम्भ कन्सल्टिङ्ग प्रा.लि.) को देहाय बमोजिमको मुख्य भूमिका रहेको थियो ।

**पहिलो पक्षको जिम्मेवारी**

- पहिलो पक्षको लैङ्गिक उत्तरदायी वजेट परिक्षण गर्न दोश्रो पक्षलाई कार्य जिम्मेवारी प्रदान गर्ने ।
- दोश्रो पक्षले माग गरेका नीति, कार्यक्रम, योजना, बजेट जस्ता सूचना तथा अभिलेख उपलब्ध गराउने ।
- बजेट परीक्षण कार्य अवधिभर दोश्रो पक्षलाई आवश्यक सहयोग समन्वयको लागि एक जना कर्मचारीलाई सम्पर्क व्यक्तिको रुपमा जिम्मेवारी दिने ।
- आवश्यकता अनुसार सरोकारवालाहरुसँगको बैठक, भेला, अन्तरक्रिया कार्यक्रमको आयोजना सम्बन्धी सम्पूर्ण कार्य गर्ने ।
- लैउसास बजेट परीक्षण कार्यको अनुगमन गर्ने ।

**दोश्रो पक्षको जिम्मेवारी**

- पहिलो पक्षले उपलब्ध गराएकोको लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परिक्षण सम्बन्धी प्राप्त कार्य जिम्मेवारी अनुसार कार्य गर्ने ।
- लैउसास वजेट परीक्षण सम्बन्धी सान्दर्भिक सामग्रीहरुको अध्ययन गर्ने ।
- कार्यालयले अवलम्वन गरेका नीति तथा कार्यक्रमहरुको अध्ययन र विश्लेषण गर्ने ।
- सहभागितामूलक तवरवाट लेखाजोखा मार्फत नतिजको स्तरीकरण सहित विश्लेषण गर्ने ।
- आवश्यकता अनुसार स्थलगत अध्ययन गर्ने ।
- सरोकारवालाहरुसँग छलफल कार्यक्रममा सहजिकरण गरी सुझाव संकलन गर्ने ।
- तोकिएको समय र ढाँचामा प्रतिवेदन तयार गरी प्रतिवेदनको कम्प्युटर कपि र २ प्रति मुद्रण प्रतिवेदन तयार गरी पहिलो पक्षलाई बुझाउने ।

### १.१३ जनशक्ति

लैउसास वजेट परीक्षण कार्यको लागि परामर्शदाता (आरम्भ कन्सल्टिङ) को तर्फबाट २ जना जनशक्ति परिचालन भएका थिए । जहाँः

क. श्री चिरञ्जिवी भट्टराई

ख. श्री रेखा वली

# परिच्छेद २
# कञ्चन गाउँपालिकाको संक्षिप्त चिनारी

## २.१ परिचय

*समुन्नत कञ्चन, सुखी कञ्चनवासी"*

साविक गजेडी र रूद्रपुर गाविसलाई समेटेर बनेको कञ्चन गाउँपालिका लुम्बिनी प्रदेश अन्तर्गत रूपन्देही जिल्लाका १० गाउँपालिकामध्ये एक हो । पूर्व पश्चिम लोकमार्ग अन्तर्गत सैनामैना गाउँपालिकाको बाँसगढीबाट करीब १ किलोमिटर दक्षिण २७°५४'८८.०१" पूर्वी देशान्तर र ८३°३१'८६.३३" उत्तर अक्षांशमा रहेको यो गाउँपालिका समुन्द्र सतहदेखि करीब ९२.१ मिटरको उचाइमा अवस्थित छ । ५८.५१ वर्ग किलोमिटर क्षेत्रफल भएको यो गाउँपालिका रूपन्देही जिल्लाको प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. ५ अन्तर्गत पर्दछ । यस गाउँपालिकाको पूर्वमा सैनामैना गाउँपालिका र गैडहवा गाउँपालिका, पश्चिममा कपिलवस्तुको सिमाना, उत्तरमा सैनामैना गाउँपालिका र दक्षिणमा गैडहवा गाउँपालिका रहेका छन् । खुला दिसामुक्त, पूर्ण खोपयुक्त र पूर्ण साक्षर यस गाउँपालिकाको उत्तरपश्चिम क्षेत्रमा बाक्लो जंगल र केही भागमा बुट्यान बाहेक अन्य क्षेत्रमा खेतीयोग्य जमिन रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा ब्राम्हण, क्षेत्री, मगर, गुरूङ, नेवार, कामी, सार्की, दमाइ लगायत पहाडी मुलका विभिन्न जातजाति र रैथाने थारू, यादव, लोध, कुर्मी, हरिजन, मुसलमान आदि जातजातिका साथसाथै विभिन्न धर्म र संस्कृति मान्ने १०,४४० घरधुरी रहेका छन् जसमा महिला २३,१२० र पुरूष १९,४०८ गरी जम्मा ४२,५२८ जनसंख्या रहेको छ ।

कञ्चन गाउँपालिका रूपन्देही जिल्लाको विकासोन्मुख गाउँपालिकाहरूमध्ये एक हो । यसको भू-बनोट समथर एकै खालको छ । समतल भू-भाग र उर्वर मलिलो माटोका कारण प्रशस्त कृषि उत्पादन हुने संभावना भए तापनि बाह्रै महिना पानीको स्रोत नभई आकाशे पानीमा भर पर्नुपर्ने अवस्था र आजभोलि घर घडेरीका लागि जमिन प्लटिङ्ग (खण्डीकरण) गरिदै गएकाले उत्पादन दिन प्रतिदिन घट्दै जानुका साथै वातावरणीय असर समेत परेको छ । यहाँ मौसम अनुसारका खेती बाह्रै महिना गर्न सकिन्छ । मुख्य बाली धान, गहुँ, मकै, मास, मसुरो, तोरी, रहर, आलस, बदाम, आलु आदि हुन । आज भोली व्यावसायिक रूपमा बेमौसमी तरकारी खेती, च्याउ खेती, पशुपालन, माछा पालन, हाँस कुखुरा पालन गरिदै आएको छ । यस रूपन्देही जिल्लामा उष्ण प्रदेशीय हावापानी पाइए तापनि बाह्रै महिना एकैनासको हावापानी छैन । चैत्र महिनादेखि आश्विनको सुरूसम्म गर्मी हुन्छ भने पौष र माघ महिनामा निकै जाडो हुन्छ । जेष्ठको अन्त्यदेखि आश्विनको सुरूसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्दछ ।

## २.२ भौगोलिक अवस्थिति

**अवस्थिति :** अक्षांश : ८३°३१'८६.३३" उत्तर

देशान्तर : २७°५४'८८.०१" दक्षिण

**सिमाना :** पूर्व : सैनामैना गाउँपालिका र गैडहवा गाउँपालिका

पश्चिम : कपिलवस्तु जिल्ला सिमाना

उत्तर : सैनामैना गाउँपालिका

दक्षिण : गैडहवा गाउँपालिका

**क्षेत्रफल :** ५८.५१ वर्ग कि.मि.

**हावापानी :** उष्ण

**१.३ गाउँपालिकाको नामाकरण :** कञ्चन गाउँपालिका

**१.४ गाउँपालिकाको प्रशासनिक विभाजन :** ५ वडा

**१.५ गाउँपालिकाका मुख्य नदी तथा तालतलैया**

**ताल** : गजेडी दानापुर ताल, लौसा ताल

**नदी :** कञ्चन नदी, कोठी खोला

| **विषय** | **विवरण** | | |
|---|---|---|---|
| परिचय | कञ्चन गाउँपालिका नेपालको लुम्बिनी प्रदेश अर्न्तगत रुपन्देही जिल्लामा पूर्वपश्चिम महेन्द्र राजमार्गबाट १ किमी भित्र रहेको एक गाउँपालिका हो । | | |
| **नेपालको मानचित्रमा कञ्चन गाउँपालिकाको भौगोलिक अवस्थिति निम्नानुसार रहेको छ ।** | | | |
| प्रदेश | लुम्बिनी | | |
| जिल्ला | रुपन्देही | | |
| गाउँपालिका | कञ्चन गाउँपालिका | | |
| वडा संङ्ख्या | ५ | | |
| संघीयता पश्चात वडा विभाजन | हालको वडा नं. | समावेश भएका साबिकका गा.स.वि. | साबिक वडा नं. |
| | १ | गजेडी गा.वि.स. | १-३ |
| | २ | गजेडी गा.वि.स. | ४-९ |
| | ३ | रुद्रपुर गा.वि.स. | ७-९ |
| | ४ | रुद्रपुर गा.वि.स. | १,५,६ |
| | ५ | रुद्रपुर गा.वि.स. | २-४ |
| सम्पर्क नं. | ९८५७०८८२४६ | | |
| इमेल | Kanchangaupalika@gmail.com | | |
| भौगोलिक अवस्थिति | अक्षांश ८३°३१'८६.३३" उत्तर<br>र देशान्तर २७°५४'८८.०१" दक्षिण | | |
| क्षेत्रफल | ५८.५१ वर्ग किलोमिटर | | |
| उचाई | १०५ देखि ४९५ मिटरसम्म | | |
| सिमाना | पूर्वतर्फ रुपन्देहीको सैनामैना गाउँपालिका र गैडहवा गाउँपालिका | | |
| | पश्चिमतर्फ कपिलवस्तुको बुद्धभूमि गाउँपालिका | | |

| | |
|---|---|
| | उत्तरतर्फ सैनामैना गाउँपालिका , |
| | दक्षिणतर्फ रुपन्देहीको गैडहवा गाउँपालिका |
| जलवायु | उष्ण |

## २.३ ऐतिहासिक चिनारी तथा नामाकरण

यस गाउँपालिकामा रहेका धार्मिक तथा ऐतिहासिक स्थललाई वडागत रूपमा तलको तालिकामा प्रस्तुत गरिएको छ यस ठाउँहरूको विकास र विस्तार गर्न सके कञ्चन गाउँपालिकाको ऐतिहासिक स्थलहरूको संरक्षण हुनुका साथै स्थानीयहरूको आर्यआर्जनमा पनि बृद्धि गर्न सकिने सम्भावना देखिन्छ ।

## २.४ राजनीतिक अवस्थिति

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमुना बमोजिम गठित गाउँपालिका, गाउँपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सिमाना निर्धारण आयोगको निर्णय बमोजिम कञ्चन गाउँपालिकाको घोषणा गरिएको थियो । निर्वाचन क्षेत्र निम्नानुसार रहेको छ ।

| निर्वाचनको प्रकार | निर्वाचन क्षेत्र |
|---|---|
| प्रतिनिधि सभा | ५ |
| प्रदेश सभा | ५ (१) |

*स्रोतः जिल्ला निर्वाचन कार्यालय , रुपन्देही*

## २.५ धरातलीय अवस्था

## २.६ प्राकृतिक सम्पदा

प्राकृतिक रुपमा उपलब्ध वा प्रकृतिद्धारा नै निशुल्क प्रदान गरेका हरेक श्रोत तथा साधनहरुलाई नै प्राकृतिक सम्पदा भनेर भन्न सकिन्छ । हाम्रो देश भौगोलिक तथा जैविक विविधताले भरिएको देश हो । यस गाउँपालिका पनि प्राकृतिक सम्पदाले भरिएको क्षेत्र हो । यहाँ रहेका विभिन्न प्रकृति प्रदत्त उपहारले यस क्षेत्रको गरिमालाई अझ बढी उजागर गरेको छ । प्राकृतिक सम्पदाको हिसाबले यो गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटोको धनी गाउँपालिका हो । मठ मन्दिर तथा विभिन्न धार्मिक सम्पदाले यस गाउँपालिकाको स्वरुपलाई सुन्दर बनाएका छन् ।

| क्र .स. | सम्पदाको नाम | रहेको स्थान |
|---|---|---|
| १ | भैरवस्थान वालाचतुर्दशीको मेला | वडा नं.४ |
| २ | सोंगा सुपा देउराली | वडा नं.३ |
| ३ | ऐतिहासिक वरको रूख बेलभरिया | वडा नं.१ |
| ४ | मलावरदेवी मन्दिर | वडा नं.३ |

| क .स. | सम्पदाको नाम | रहेको स्थान |
|---|---|---|
| ५ | कर्मा टासी छुलिङ्ग गुम्बा | वडा नं.४ |
| ६ | सुनगाभा हर्नाचौर शान्ति पार्क | वडा नं ३ |
| ७ | सुपा देउराली पार्क | वडा नं.१ |
| ८ | सुकेताल दुर्गा मन्दिर चिल्ड्रेन पार्क | वडा नं.२ |
| ९ | गजेडी दानापुर ताल | वडा नं.१ |

*स्रोतः वडा कार्यालयहरु*

## २.७ साँस्कृतिक उत्कृष्टता

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवम् ऐतिहासिक तथा सांस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्य स्थलको रूपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँको रूपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्याधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको सङ्ख्यात्मक एवम् गुणात्मक वृद्धि गर्नु आवश्यक छ ।

## २.८ विकासका संभावनाहरु

यस गाउँपालिकाका मानिसहरुको मुख्य पेशा भनेको कृषि पेशा हो । यहाँको भौगोलिक धरातलीय स्वरुप अनुसार स्थान विशेष विभिन्न प्रकारको माटो पाइनुका साथै कृषिको लागि उपयुक्त माटो रहेकोले कृषि खेतिको प्रचुर सम्भावना रहेको छ । साथै गाउँपालिका व्यापार व्यवसायको तथ्याङ्क विवरण हेर्दाखेरि यहाँका मानिसहरु विभिन्न निजी व्यापार व्यवसायमा संलग्न हुनुको साथै विभिन्न उद्योगधन्दा तथा कलकारखानामा कार्यरत रहेको देखिन्छ । व्यापार व्यवसाय संचालनको लागि आवश्यक बजार व्यवस्थाको स्थिति र जनघनत्व उच्च भएको हुँदा यहाँ व्यापार व्यवसायको सम्भावना रहेको छ । कञ्चन गाउँपालिकामा अवस्थित धार्मिक, पर्यटकीय तथा ऐतिहासिक स्थलहरुको साथै जैविक विविधता, रमणीय पार्क, स्वच्छ मौसम, शान्त वातावरण, सुन्दर दृस्यहरुका कारण यहाँ पर्यटन विकासको प्रचुर सम्भावना रहेको देखिन्छ । साथै प्राकृतिक तथा धार्मिक अनि सामाजिक सम्पदाहरुलाई पर्यटकीय हेतुवाट विकसित गराई गाउँपालिकालाई पर्यटकीय

स्थलका रुपमा विकास गराउन सकेमा यस गाउँपालिकाको उच्च तथा तिव्र विकास हुने सम्भावना पनि उत्तीकै रहेको छ ।

यहाँ रहेका ऐतिहासिक महत्वका स्थलहरुको उचित संरक्षण र सम्बर्द्धन गरी यस्ता स्थलहरुको महत्वको बारेमा प्रचार प्रसार गर्न सकेमा पर्यटकको संख्यामा बृद्धि भई पर्यटन व्यवसाय फस्टाउन गई संपुर्ण गाउँपालिकाको आर्थिक तथा आन्तरिक आयमा पनि बृद्धि हुन सक्ने प्रचुर सम्भावना रहेको देखिन्छ तर पर्यटन क्षेत्रको रुपमा विकास गरिरहदा वातावरण माथि चरम अतिक्रमण भएको कुरा सार्वजनिक रुपमा उठ्ने गरेको पनि पाइन्छ । त्यसैले विकास निर्माणका कार्यहरु गर्दा वातावरणमा पर्ने असरतिर ध्यान दिदै दिगो विकासको अवधारणलाई आत्मसात गरी विकासका कार्य संचालन गर्नु आजको आवश्यकता हो ताकि विकासले विनाशको रुप नलियोस ।

त्यसैगरी यातायात सुविधालाई हेर्दा यस क्षेत्र भित्र तथा ग्रामिण ठाँउमा समेत सडक सुविधा भएकोले यस गाउँपालिकामा खासै समस्या रहेको देखिदैन । यस गाउँपालिकाको प्राय सबै ठाँउहरु सम्म यातायातका साधन संचालन भईरहेका हुन्छन, जसले पर्यटकहरुको आवगमनलाई सहज, सरल तथा सफल बनाएको छ । गाउँपालिकालाई पर्यटकीय नगरीको रुपमा रुपान्तरण गर्नका लागि सवैले आआफ्नो क्षमता तथा जिम्मेवारीताको महशुस गरी योगदान गर्न सकेको खण्डमा गाउँपालिकाको चौतर्फी विकास हुने सम्भावना रहेको देखिन्छ ।

## २.९ कञ्चन गाउँपालिकाका वडागत टोल बस्तीहरु

बस्ती भन्नाले कुनै पनि ठाउँमा निश्चित क्षेत्र ओगटेर बसेका जनसङ्ख्याको समूहलाई जनाउँदछ। परिवार, घर तथा टोल मिलेर एउटा बस्तीको संरचना हुन्छ । जहाँ भौतिक तथा जैविक पर्यावरणको अवस्थिति तथा सन्तुलन रहेको हुनुपर्छ । वास्तवमा कुनै पनि क्षेत्रको विकास तथा विस्तार हुनको लागि त्यस क्षेत्रमा रहेका बस्तीको ठूलो योगदान रहेको हुन्छ । थोपा-थोपा मिलेर जसरी सागर बनेको हुन्छ त्यसैगरी वडा वस्ती मिलेर सिंगो गाउँको स्वरूप तयार भएको हुन्छ । यस गाउँपालिकामा रहेका ५ वटा वडामा अवस्थित प्रमुख बस्तीहरू तथा वडागत रूपमा रहेको घरपरिवार विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

***तालिकाः बस्तीहरु***

| वडा नं. | प्रमुख बस्तीहरू |
|---|---|
| १ | लौसा, बेलभरिया, दानापुर, शान्तिनगर, हात्ती बजार, सानो उकाली, कुचेरा |
| २ | गजेडी, मसिना, मटेरिया, बगही, दयानगर, बसन्तफुलवारी,सेमरानी |
| ३ | हरैया बजार, धौलागिरी चोक, राधाकृषण मन्दिर, हनुमान नगर, चौरी, शिवशक्ती टोल |
| ४ | थकाली चोक, सुनगाभा, दियो, बेलडाँडा, सरकारी वोर्डिङ, विरेन्द्र एकता चोक, |
| ५ | उत्तर भैसाही, दक्षिण भैसाही,उत्तर कोठी टोल, दुर्गा मन्दिर टोल, मालिका टोल,फायरलाइन टोल |

## २.१० जनसंख्या वितरणको अवस्था

### २.१०.१ कञ्चन गाउँपालिका घरधुरी, जनसंख्या र लैङ्गिक जनसंख्याको विवरण

| राष्ट्रिय जनगणना २०७८ | | | | | कैफियत |
|---|---|---|---|---|---|
| वडा | घरधुरी संख्या | जनसंख्या | पुरुष | महिला | |
| १ | २१६३ | ८६७४ | ४०२६ | ४६४८ | |
| २ | १५९९ | ७३७५ | ३५०७ | ३८६८ | |
| ३ | २३६५ | ९२५३ | ४१३५ | ५११८ | |
| ४ | २३९८ | ९६५८ | ४२९४ | ५३६४ | |
| ५ | १९१५ | ७५६८ | ३४४६ | ४११२ | |
| जम्मा | १०४४० | ४२५२८ | १९४०८ | २३१२० | |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

चित्र न: १ (जनसंख्या विश्लेषण)

### २.१०.२ उमेर तथा लिङ्गको आधारमा जनसंख्या विवरण

उमेर समूहको आधारमा जनसङ्ख्या विवरणलाई हेर्दा कञ्चन गाउँपालिकाकव सबैभन्दा बढी १५ देखि १९ वर्ष उमेर  समूहको जनसङ्ख्या बढी देखिन्छ जसमा कुल जनसङ्ख्याको १० प्रतिशत हिस्सा पर्दछ । पुरुषको र महिलाको जनसङ्ख्या मात्रै हेर्दा पनि १५ देखि १९ वर्ष उमेर समूहका व्यक्तिहरूको जनसङ्ख्या उच्च देखिन्छ जसमा २१८४ पुरूष र २२०० जना महिला रहेको देखिन्छ । उमेर समूह तथा लिङ्गको आधारमा कञ्चन गाउँपालिकाको जनसङ्ख्याको विस्तृत विवरण तलको तालिमा उल्लेख गरिएको छ ।

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ० – ४ वर्ष | १८२८ | १६१२ | ३४४० | - |
| ५ वर्ष देखी – ९ वर्ष | २०१८ | १८०० | ३८१८ | - |
| १० वर्ष – १४ वर्ष | २०९७ | १९३० | ४०२७ | - |
| १५ वर्ष – १९ वर्ष | २१८४ | २२०० | ४३८४ | - |
| २० वर्ष – २४ वर्ष | १७०० | २३४९ | ४०४९ | - |
| २५ वर्ष – २९ वर्ष | १६५३ | २२५९ | ३९१२ | - |
| ३० वर्ष – ३४ वर्ष | १३३० | २०९४ | ३४२४ | - |
| ३५ वर्ष – ३९ वर्ष | १२५८ | १८६४ | ३०९२ | - |
| ४० वर्ष – ४४ वर्ष | ११३९ | १६०२ | २७४१ | - |

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ४५ वर्ष — ४९ वर्ष | ८४९ | १०९७ | १९४६ | - |
| ५० वर्ष — ५४ वर्ष | ८४७ | ११२२ | १९६९ | - |
| ५५ वर्ष — ५९ वर्ष | ७०१ | ८७१ | १५७२ | - |
| ६० वर्ष — ६४ वर्ष | ७२० | ७६१ | १४८१ | - |
| ६५ वर्ष — ६९ वर्ष | ५४३ | ६४७ | ११९० | - |
| ७० वर्ष — ७४ वर्ष | ३९६ | ४२५ | ८२१ | - |
| ७५ वर्ष — ७९ वर्ष | २३९ | २६२ | ५०१ | - |
| ८० वर्ष — ८४ वर्ष | १२३ | १२९ | २५२ | - |
| ८५ वर्ष — ८९ वर्ष | १२३ | ५३ | १७६ | - |
| ९० वर्ष — ९४ वर्ष | २७ | २५ | ५२ | - |
| ९५ वर्ष माथि | ७ | १८ | २५ | - |
| जम्मा | १९४०८ | २३१२० | ४२५२८ | - |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

चित्र नः २ (प्रतिशत) उमेरगत जनसंख्या)




### २.१०.३ मातृभाषाको आधारमा जनसंख्या

मातृभाषाका आधारमा यस गाउँपालिकामा नेपाली भाषा बोल्ने मानिसहरूको सङ्ख्या अत्याधिक मात्रामा रहेको देखिन्छ । यस गाउँपालिका रहेको जम्मा जनसङ्ख्या ४२५२८ मध्ये ३१४३३ जनाले कुल जनसङ्ख्याको ७३ % नेपाली भाषा बोल्ने गरेको पाइएको छ भने त्यस पछिको ठूलो हिस्सा क्रमशः थारु तथा मगर भाषा बोल्ने मानिसहरू रहेका पाइएको छ । जसमा थारु भाषा बोल्ने ४७५१ कुल जनसंख्याको ११.१७ प्रतिशत, मगर २८३३ कुल जनसंख्याको ६.६ प्रतिशत र अन्य मातृभाषा अन्तर्गत अवधी, नेवार, गुरूङ्ग आदि तलको तालिकामा मातृभाषाका आधारमा रहेको जनसङ्ख्याको विवरणलाई प्रस्तुत गरिएको छ ।

| मातृभाषा | जम्मा | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|
| नेपाली | ३१४३३ | १४०७५ | १७३५८ | ७३.१९ |
| थारु | ४७५१ | २३०८ | २४४३ | ११.१७ |
| मगर ढुत | २८३३ | १२७७ | १५५६ | ६.६ |
| अवधी | १६३ | ७८ | ८५ | ६.९३ |
| गुरुङ | २३३ | १११ | १२२ | ०.५४ |
| उर्दू | १३ | ६ | ७ | ०.०३ |
| नेपालभाषा (नेवारी) | ४१ | २२ | १९ | ०.०४ |
| भोजपुरी | २९४९ | १४७८ | १४७१ | ६.९३ |
| हिन्दी | २३ | १२ | ११ | ०.०५ |
| अन्य | २९ | १२ | १७ | ०.०६ |
| मगर खाम | ३६ | १८ | १८ | ०.०८ |
| तामाङ | २४ | ११ | १३ | ०.०५ |
| जम्मा | ४२५२८ | १९४०८ | २३१२० | १०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

चित्र नः भाषागत जनसंख्या-प्रतिशत




### २.१०.४ धर्म अनुसार जनसंख्या विवरण

सङ्ख्याको आधारमा हेर्दा यस गाउँपालिकामा बसोबास गर्ने अधिकांश मानिसहरू ९०९२५ कुल) जनसङ्ख्याको ९४.०१ प्रतिशत हिन्दु धर्मावलम्बीहरू रहेका देखिन्छ भने दोस्रो मुख्य धर्मको ( रूपमा बौद्ध धर्म रहेको छ जसमा३,५७० जना  कुल जनसङ्ख्याको)३.६९ प्रतिशत रहेको (

देखिन्छ । अन्य धर्म अन्तर्गत इस्लामप्रकृति ,क्रिस्चियन ,किरात , आदि छन् । धर्मका आधारमा यहाँको जनसङ्ख्याको अवस्थालाई तलको तालिका मा प्रस्तुत गरिएको छ ।

| लिङ्ग | जनसंख्या | धर्म | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | हिन्दु | बुद्ध | ईस्लाम | किरात | क्रिस्चियन | प्रकृति | बोन | शिख |
| जम्मा | ४२५२८ | ३८४०२ | ३१९९ | २०८ | ० | ६३२ | ५७ | ३० | ० |
| पुरुष | १९४०८ | १७५२९ | १४७३ | ९५ | ० | २७८ | २३ | १० | ० |
| महिला | २३१२० | २०८७३ | १७२६ | ११३ | ० | ३५४ | ३४ | २० | ० |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

चित्र नः ४) धर्मगत जनसंख्या-प्रतिशत(




## २.१०.५ जातिगत आधारमा जनसंख्या विवरण

यस गाउँपालिकामा ४५ भन्दा बढी प्रकारका जातजातिका मानिसहरू बसोबास गर्ने गरेका छन्। तथ्याङ्क अनुसार यहाँ बसोबास गर्ने प्रमुख जातिहरूमा थारु, ब्राम्हृ, क्षेत्री, मगर, विश्वकर्मा, ठकुरी लगायतका रहेका छन् । जसले कुल जनसङ्ख्याको क्रमशः ओगटेको देखिन्छ । तलको तालिकामा यस सम्बन्धी विवरण विस्तृत रूपमा देखाइएको छ ।

*<u>जातिगत तथ्याङ्क</u>*

| जात जाति | जम्मा | पुरुष | महिला | कैफियत |
|---|---|---|---|---|
| क्षेत्री | ५१०९ | २२८८ | २८२१ | |
| ब्राह्मण - पहाड | ७६९७ | ३४९५ | ४२०२ | |

| जात जाति | जम्मा | पुरुष | महिला | कैफियत |
|---|---|---|---|---|
| मगर | १२५८२ | ५६३० | ६९५२ | |
| थारु | ४६५४ | २२६२ | २३९२ | |
| तामाङ | ९२ | ३९ | ५३ | |
| नेवार | ३०७ | १४४ | १६३ | |
| विश्वकर्मा | ५०७८ | २२४३ | २८३५ | |
| मुसलमान | १९२ | ८८ | १०४ | |
| यादव | ४२६ | २२० | २०६ | |
| राई | ४९ | २१ | २८ | |
| गुरुङ | ४९८ | २३२ | २६६ | |
| परियार | १२७२ | ५७५ | ६९७ | |
| ठकुरी | २३८ | १०३ | १३५ | |
| याक्थुम / लिम्बु | १० | ४ | ६ | |
| मिजार | ५२८ | २२२ | ३०६ | |
| तेलि | ५७ | ३१ | २६ | |
| चमार/ हरिजन / राम | ८३ | ४५ | ३८ | |
| कोहिरी/ कुसुवा | ८४ | ५१ | ३३ | |
| मुसहर | १७० | ८१ | ८९ | |
| सन्यासी/ दशनामी | ३४७ | १४४ | २०३ | |
| दुसाध/ पासवान / पासी | ७५ | ३४ | ४१ | |
| मल्लाह | ३८५ | २०४ | १८१ | |
| केवट | ३३८ | १५४ | १८४ | |
| ब्रहमाण तराई | १६१ | ७५ | ८६ | |
| कलवार | ३२ | १६ | १६ | |
| कुमाल | १५१ | ७१ | ८० | |
| घर्ती/ भुजेल | ६१ | २७ | ३४ | |
| हजाम / ठाकुर | १११ | ५५ | ५६ | |
| धोवी | ४५ | १८ | २७ | |
| लोहार | १३८ | ७० | ६८ | |
| माझी | १० | ४ | ६ | |
| वरही | २४ | १३ | ११ | |
| सोनार | ७१ | ३० | ४१ | |
| सुनुवार | २५ | ९ | १६ | |
| कहार | ८० | ३९ | ४१ | |
| राजपुत | ७२ | ३६ | ३६ | |

| जात जाति | जम्मा | पुरुष | महिला | कैफियत |
|---|---|---|---|---|
| लोध | ९२० | ४६३ | ४५७ | |
| माली | १२ | ६ | ६ | |
| थकाली | ५७ | ३१ | २६ | |
| छन्त्याल / छन्तेल | ४२ | १९ | २३ | |
| राजभर | ११ | ६ | ५ | |
| गाइने | १०६ | ४६ | ६० | |
| बानिया | २० | १० | १० | |
| अन्य | ८४ | ४३ | ४१ | |
| विदेशी | २४ | ११ | १३ | |
| **जम्मा** | **४२५२८** | **१९४०८** | **२३१२०** | |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## २.१०.६ घरमूलीको विवरण

| | आवास इकाईको स्वामित्वको प्रकार अनुसार घरपरिवारको संख्या | | | | |
|---|---|---|---|---|---|
| वडा | जम्मा | स्वामित्व | भाडामा लिइएको | संस्थागत * | अन्य |
| १ | २१६३ | १९९४ | १५७ | १ | ११ |
| २ | १५९९ | १५७० | २० | ३ | ६ |
| ३ | २३६५ | २१९९ | १५२ | २ | १२ |
| ४ | २३९८ | २२२२ | १५६ | २ | १८ |
| ५ | १९१५ | १८१२ | १०० | १ | २ |
| जम्मा | १०४४० | ९७९७ | ५८५ | ९ | ४९ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## २.१०.७ पेशाका आधारमा जनसंख्या विवरण




*स्रोतः राष्ट्रिय जनगणना २०७८*

### २.१०.८ आर्थिक रुपले सक्रिय जनसंख्या विवरण

यस कञ्चन गाउँपालिकामा १० वर्ष भन्दा कम उमेरका १६).१७६ प्रतिशत जम्मा १५६४५ ( जना बालबालिका रहेका छन जुन जनसंख्यालाई आर्थिक रुपले सक्रिय जनसंख्याको रुपमा लिन सकिदैन । कञ्चन गाउँपालिकामा जम्मा ३६५७७ जना (४५ प्रतिशत)जना सक्रिय रोजगारमा संलग्न भएको तथ्याङ्कले देखाउँछ ।

| वडा | पुरुष / महिला | जम्मा जनसंख्या | आर्थिक अवस्था | | | आर्थिक गतिविधि नगरेको | आर्थिक गतिविधि नभनिएको |
|---|---|---|---|---|---|---|---|
| | | | सक्रिय | | निष्कृय | | |
| | | | रोजगार | बेरोजगार | | | |
| वडा नं १ | पुरुष | ३३१८ | १८१२ | ८६ | ३२६ | १०८९ | ५ |
| | महिला | ३८३४ | १२६६ | ९३ | ७५८ | १७०८ | ९ |
| वडा नं २ | पुरुष | ३९५० | २०१५ | १२४ | ४७२ | १३३६ | ३ |
| | महिला | ४८४१ | १९१० | १०७ | ८९३ | १९१७ | १४ |
| वडा नं ३ | पुरुष | २७०७ | १७३६ | ४५ | ३४७ | ५७८ | १ |
| | महिला | ३०४८ | १४२७ | १४६ | ६३९ | ८३४ | २ |
| वडा नं ४ | पुरुष | ४००० | १९०९ | १९२ | ५५२ | १३४१ | ६ |
| | महिला | ४७९० | १४०६ | २३० | १०५५ | २०९७ | २ |
| वडा नं ५ | पुरुष | २६१९ | १४९४ | ७० | ५०३ | ५४९ | ३ |
| | महिला | ३०४० | १४२९ | ४७ | ८३६ | ७२३ | ५ |
| जम्मा | पुरुष | ३७०६७ | १९८३९ | १२३० | ५३३५ | १०६३८ | २५ |
| | महिला | ४४००२ | १६७३८ | १४१६ | १००६६ | १५७२२ | ६० |
| | | ८१०६९ | ३६५७७ | २६४६ | १५४०१ | २६३६० | ८५ |
| | | प्रतिशत | ४५ % | ३.२६ % | १८.९९% | ३२.५३% | ०.११% |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

### २.१०.९ अपाङ्गताको आधारमा जनसंख्या विवरण

घरधुरी सर्वेक्षणमा विभिन्न शारीरिक तथा मानसिक अपाङ्गताको हेर्दा कञ्चन गाउँपालिकामा कुल ९४२जना विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरू रहेको देखिन्छ । तथ्याङ्कलाई हेर्दा कुल ९४२ जना मध्ये ३५९८ जना शारीरिक रूपमा अपाङ्ग देखिन्छन् । जसको विषयमा विस्तृत जानकारी तल तालिका मा देखाइएको छ ।

| अपाङ्गताको प्रकार | कुल | पुरुष | महिला |
|---|---|---|---|
| शारीरिक अपाङ्गता | ३५९ | २२७ | १३२ |
| न्यून दृष्टियुक्त | १४३ | ७४ | ६९ |

| अपाङ्गताको प्रकार | कुल | पुरुष | महिला |
|---|---|---|---|
| दृष्टिविहीन | ३५ | १९ | १६ |
| बहिरोपन | ५४ | २७ | २७ |
| मनोसामाजिक अपाङ्गता | ७१ | ३३ | ३८ |
| न्यून श्रवणशक्ति | ८५ | ४८ | ३७ |
| बहिरोपन एवं दृष्टिविहीन | २१ | ९ | १२ |
| मानसिक वा मनोसामाजिक | ६६ | ३५ | ३१ |
| बौद्धिक अपाङ्गता | १९ | ९ | १० |
| अनुवंशीय रक्तश्राव (हेमोफेलिया) | ४ | ३ | १ |
| अटिजम् | ४ | १ | ३ |
| बहुअपाङ्गता | ८१ | ४६ | ३५ |
| **जम्मा** | **९४२** | **५३१** | **४११** |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

### २.१०.१० गाउँपालिकाबाट हालसम्म वितरित अपाङ्गता परिचयपत्र

| वार्ड | क | ख | ग | घ | जम्मा |
|---|---|---|---|---|---|
| १ | ५ | ३९ | २० | १५ | ७९ |
| २ | ११ | २६ | २० | ५ | ६२ |
| ३ | १३ | ४० | ३५ | ९ | ९७ |
| ४ | ११ | ४३ | ३२ | १० | ९६ |
| ५ | १४ | ४२ | ३३ | ५ | ९४ |
| जम्मा | ५४ | १९० | १४० | ४४ | ४२८ |

*स्रोतः महिला बालबालिका तथा जेष्ठ नागरिक ईकाई*

### २.१०.११ व्यक्तिगत घटना सम्बन्धी विवरण

यस गाउँपालिकाको पछिल्लो बर्षको व्यक्तिगत घटना दर्ता विवरण हेर्दा यस गाउँपालिकामा जम्मा २१६७ जनाको जन्मदर्ता भएको देखिन्छ । त्यसैगरी मृत्युदर्ता ६२६ जना,सम्बन्ध बिच्छेद ८४, विवाह दर्ता ९४७ जना,बसाई सारी आउने ३०४२ जना र बसाई सारी जाने ८४४ जना देखिन्छ। यस सम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १ | ७४ | ५९ | १३३ | २८ | २५ | ५३ | १२ | ५२ | ४६ | १७० | १२ | ३९ | ३०८ |
| २ | ८७ | ७६ | १६३ | ३४ | ३२ | ६६ | १५ | ८३ | १७ | ४९ | ८ | १८ | ३५२ |
| ३ | १०७ | ९१ | १९८ | ३१ | ३५ | ६६ | १५ | ११० | ४५ | १४७ | ११ | ४४ | ४४५ |
| ४ | ८१ | ७३ | १५४ | २६ | ३२ | ५८ | १३ | ७१ | ५१ | १७३ | ११ | २४ | ३५८ |
| ५ | ७९ | ७९ | १५८ | ३९ | २३ | ६२ | १७ | ६४ | २२ | ८० | ४ | १४ | ३२७ |
| जम्मा | ४२८ | ३७८ | ८०६ | १५८ | १४७ | ३०५ | ७२ | ३८० | १८१ | ६१९ | ४६ | १३९ | १७९० |

*सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखाः कञ्चन गाउँपालिका*

## २.१०.१२ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरण

| | १ | २ | ३ | ४ | ५ | संख्या | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ज्येष्ठ नागरिक भत्ता (७० वर्ष माथि) | ४२६ | ४३६ | ५३३ | ५४७ | ४५९ | २४०१ | ८६८४३३६५ | |
| ज्येष्ठ नागरिक भत्ता (दलित) | ७५ | ३५ | ६९ | ९८ | ६८ | ३४५ | १०६००१०० | |
| ज्येष्ठ नागरिक एकल महिला | ५२ | ५९ | १०१ | ८८ | ५९ | ३५९ | ११७७५८२० | |
| बिधवा | १२८ | १२७ | १८५ | १८९ | १३८ | ७६७ | २३४७९९१२ | |
| लोपन्मुख आदिवासीजनजाती/ | - | - | - | - | - | - | - | |
| पूर्ण अपाङ्गता भत्ता | ३ | १० | १५ | १४ | १४ | ५६ | २६३३२४० | |
| अति अशक्त अपाङ्गता भत्ता | ३२ | २१ | ३५ | ३२ | ३६ | १५६ | ३६७९२४१ | |
| बालबालिका सुरक्षा भत्ता अन्य — | - | - | - | - | - | - | - | |
| बालबालिका सुरक्षा भत्ता दलित — | ११६ | ४५ | ७३ | १३९ | ७७ | ४५० | २६६२५१४ | |
| जम्मा | ८३२ | ७३३ | १०११ | ११०७ | ८५१ | ४५३४ | १६५७९३६४९ | |

*सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखाः कञ्चन गाउँपालिका*

# परिच्छेद — ३
# नीति तथा कार्यक्रम

## ३.१ गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ का नीति तथा कार्यक्रमहरुः-

## ३१.१.

१. नेपालको युगान्तकारी अग्रगामी परिवर्तनका लागि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्ने ऐतिहासिक जनआन्दोलनजनयुद्ध , र सबै खाले आन्दोलन तथा संघर्षका क्रममा शहादत प्राप्त गर्नुहुने सम्पुर्ण शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। बेपत्ता तथा घाइते परिवार प्रति उच्च सम्मान व्यक्त गर्दै राष्ट्रियतागणतन्त्र र जन ,लोकतन्त्र ,जीविकाको आन्दोलनमा नेतृत्व गर्नुहुने सम्पूर्ण अग्रजहरु प्रति उच्च सम्मान प्रकट गर्दै उहाँहरुले पुऱ्याउनु भएको योगदानको उच्च मूल्यांकन गर्दछु ।

२. स्थानीय सरकार निर्माणदेखि हाल सम्म स्थानीय सरकारलाई प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्नुहुने राजनैतिक दल ,भूतपुर्व जनप्रतिनिधिबुद्धि ,शिक्षक ,कर्मचारी ,जीवि सामाजिक अगुवा तथा ,पत्रकार , आम जनसमुदायलाई धन्यवाद दिदै आगामी दिनमा पनि यस गाउँपालिकाले गर्ने हरेक काममा यस्तै साथ सहयोगका साथै सुझाव र सक्रिय भुमिकाको अपेक्षा गर्दछु ।

३. स्थानीय तहको निर्वाचन सम्पन्न भई कार्यभार ग्रहण गरेपश्चात हामीहरुले स्थानीयवासीका समस्या पहिचान गर्दै उक्त समस्याहरुको दीर्घकालीन समाधानका लागि सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रियालाई अगाडि वढाईरहेका छौ ।आगामी आर्थिक वर्षको लागि नीति तथा कार्यक्रम र वार्षिक वजेट निर्माणको क्रममा यस गाँउपालिकाको विकास निर्माण र सम्वृद्धि तथा स्थानीयवासीका दैनिक समस्याहरुलाई सम्वोधन गर्ने हिसावले प्रत्येक टोलवस्तीमा गई योजनाहरुको माग संकलन गर्ने कार्य सम्पन्न भईसकेको छ।

४. सीमित स्थानीय स्रोत साधनका बीचमा कञ्चन गाँउपालिकाको विकास निर्माणको गतिलाई तिव्रता दिनको लागि संघीय सरकार र प्रदेश सरकारका साथै विकास साझेदारहरुसँग समेत समन्वय भईरहेको छ ।स्थानीयवासीका असीमित अपेक्षाहरुलाई सम्वोधन गर्नका लागि अल्पकालीन तथा दीर्घकालीन योजनाहरु तयार गरी प्राथमिकताका साथ पुरा गर्दै जाने दिशामा स्थानीय सरकार प्रतिवद्ध रहेको विश्वास दिलाउन चाहन्छु।

५. नेपालको संविधानले निर्दिष्ट गरेका अधिकारहरुको उच्च प्रतिफलयुक्त अभ्यास गर्दै स्थानीय सरकारलाई शसक्त र सवल रुपमा विकास गराउनु पर्दछ भन्ने मान्यतामा अडिग रहि आफुलाई सोही बाटोमा अगाडि बढाउने प्रतिवद्धता व्यक्त गर्दछु ।स्थानीय तहमा महिला ,जनजाती ,आदिवासी ,दलित , ,थारु मुस्लिम, अपाङ्ग यौनिक अल्पसंख्यक ,लगायतका पिछडिएका क्षेत्र र वर्गको समावेशी प्रतिनिधित्त्व सुरक्षित र सुनिश्चित गर्न सदैब प्रतिवद्ध छौं।

६. गाउँपालिकाले भुमिहीन दलितभुमि ,हीन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुको वैज्ञानिक व्यवस्थापन गरी जग्गा धनी प्रमाण पूर्जा वितरण गर्ने कार्यक्रमलाई प्रमुख प्राथमिकताको रुपमा लिइएको छ।

७. हामी निर्वाचित भएर आएपश्चात भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि जग्गा नापजाँचको काम तिव्र गतिमा अगाडि बढेको छ। केही लालपूर्जा वितरण गर्नको लागि सार्वजनिक सूचना निकाल्ने अवस्थामा पुगेको छ भने अधिकांश जग्गाहरुको नापजाँच र कित्ताकाट सम्पन्न भई डिजिटाईजेसनको क्रममा रहेको छ ।

८. चालु आर्थिक वर्षभित्रै केही लालपूर्जाहरु वितरण गर्ने गरी कार्य अगाडि वढीरहेको अवस्था भए तापनि स्थानीयबासीहरुलाई लालपूर्जा प्राप्त गर्दा तिर्नपर्ने राजश्व रकम घटाएर केही राहत उपलब्ध गराउन सकिन्छ कि भन्ने अपेक्षाका साथ एकातर्फ संघीय सरकारसँग समन्वय भईरहेको र केही सकारात्मक आश्वासन समेत प्राप्त भएको छ भने अर्कोतर्फ आगामी आर्थिक वर्षमा भू-उपयोग ऐनको आधारमा जग्गाको वर्गिकरण तथा मूल्याङ्कन गरी सोही अनुरुप राजश्व निर्धारण गर्नेतर्फ समेत समन्वय भईरहेको छ। यसबाट राजस्व घटाउन सकिने संभावना रहेको छ ।

९. अतः केही समय ढिला गरेरै भएपनि स्थानीयबासीहरुलाई राजश्व रकममा केही सहुलियत उपलब्ध गराउने दिशामा अगाडि वढीरहेको हुनाले यस आर्थिक वर्षमा लालपूर्जा वितरण गर्न नसकिएको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु।

१०. जनतालाई सुशासनको प्रत्याभुति गर्दै घर आँगनमै सेवा पुऱ्याउन सके मात्र लोकतन्त्रले सार्थकता पाउने मान्यतामा उभिएर यस गाउँपालिका अधिकार सम्पन्न स्थानीय सरकारको रुपमा दृढताका साथ उभिएको छ। सामाजिक परीक्षणविद्यु ,सेवाग्राही सन्तुष्टि सर्वेक्षण ,सार्वजनिक सुनुवाई ,तीय नागरीक वडापत्र आदिको माध्यमबाट सेवालाई विद्युतीय शासन तर्फ अगाडि बढाउन हरदम प्रयास गरिएको छ ।शिक्षा, स्वास्थ्य, मानव विकास, पूर्वाधार विस्तार लगायतका कार्यहरुमा प्राथमिकताका साथ लगानी वढाउदै लगिएको छ।

११. यस गाउँपालिकाको विकास र समृद्धिको लागि यूवा शक्ति परिचालन अपरिहार्य ठानी वैदेशिक रोजगारबाट फर्किएका जनशक्तिहरुलाई स्थानीय तहमै टिकाउनको लागि विभिन्न सीपमूलक तालिमको व्यवस्था गरी उनीहरुको ज्ञान, सीप, दक्षता र रुची अनुसारको स्वरोजगारमूलक कार्यमा अभिप्रेरित गर्नको लागि लगानीमा आर्थिक सहयोग गर्ने कार्य भईरहेको छ भने वैदेशिक रोजगारमा जान चाहनेहरुका लागि गाउँपालिकाबाट नै श्रम सम्झौता प्रकृया शुरु हुने व्यवस्था मिलाईएको छ।

१२. कृषिलाई आधुनिकिकरण, व्यावसायीकरण र यान्त्रिकरण तर्फ उन्मुख गराउने खालका कार्यक्रम सञ्चालन गरिदै आईएको छ जसबाट कृषकहरुको जीवनस्तरमा सुधार आएको छ। कृषि सम्बन्धी पालिका स्तरीय तथ्यांक अद्यावधिक, कृषि समूह तथा फर्महरुको व्यवस्थापन तथा किसान सूचिकरण गरी कृषक बर्गीकरण कार्य वडा नं. १ र २ मा सञ्चालन गरिसकिएको छ।

१३. पशुहरुमा लाग्ने विभिन्न रोगहरुको संक्रमणलाई रोक्न भ्याक्सिन कार्यक्रम सञ्चालन गर्नुका साथै गोठ सुधार कार्यक्रम सञ्चालन गरिएको छ। पशुजन्य उत्पादनलाई वृद्धि गर्नका लागि कृत्रिम गर्भाधन कार्यक्रम सञ्चालन गरिएको छ।

१४. वडा कार्यालयबाट हुने विभिन्न किसिमका सिफारिस तथा गाउँपालिकाबाट गरिने व्यवसाय दर्तालाई सफ्टवेयर प्रणालीमा आवद्ध गरिनुका साथै विद्युतीय शासनको अभ्यास गरिदै लगिएको छ । सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त र पारदर्शी बनाउनका लागि वडा कार्यालयहरुका साथै गाउँपालिका भवनमा CCTV क्यामरा जडान गरिएको छ। नागरिकको अधिकारका रुपमा रहेको नागरिक वडा पत्रलाई प्रविधिमैत्री बनाई विद्युतीय नागरिक वडा पत्र कार्यान्वयनमा ल्याइएको छ।

१५. कुनै पनि नागरिकलाई स्वास्थ्य सेवामा वञ्चित नहुने गरी आकस्मिक स्वास्थ्य सेवा आधारभूत स्वास्थ्य केन्द्र मार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको छ भने कञ्चनबासी गर्भवती महिलाको सुविधालाई लक्षित गरी गजेडी स्वास्थ्य चौकीमा बर्थिङ सेन्टरको स्थापना गरी सेवा प्रदान गर्दै आईरहेको छ।

१६. स्थानीय सेवा प्रवाहलाई थप प्रभावकारी बनाई नागरिकलाई सुशासनको अनुभूति दिलाउनका लागि सामाजिक परीक्षण सेवाग्रही सन्तुष्टी सर्वेक्षण र ,सार्वजनिक सुनुवाई ,विद्युतीय नागरिक वडा पत्र लगायतका उपकरणको माध्यमबाट सेवा प्रवाहलाई स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन )LISA( र स्थानीय तह वित्तीय सूशासन जोखिम मूल्याङ्कन (FRA) का सूचकहरुलाई समेट्ने र सार्थक परिमाण दिने गरी कार्य प्रकृयालाई सहजिकरण र सरलिकरण गर्दै लगिएको छ ।

१७. नेपालको संविधानले निर्दिष्ट गरेका नागरिकका मौलिक हक अधिकारको रक्षा गरी आर्थिक विकासको माध्यमबाट स्थानीय तहको सरकारलाई सबल र समृद्ध गराउन आवधिक योजना निर्माण गरी अल्पकालिनमध्यका ,लीन र दीर्घकालीन सोच र लक्ष्यका साथ अगाडि बढिरहेका छौं।लोकतान्त्रिक समाजवाद प्रति प्रतिवद्ध रहदै स्थानीय सरकारलाई शसक्त र सबल बनाउने बाटोमा तल्लिन रहेको जानकारी गराउदछौ ।

१८. विश्वव्यापीरुपमा फैलिएको कोभिड १९ महामारीबाट लत्रिएको अर्थततन्त्रले विस्तारै आफ्नो गति लिन-थालेको यथार्थ हामी सबैलाई थाहा छ । यसको प्रत्यक्ष मार आम उपभोक्तामा परेको छ । विश्व अर्थ व्यवस्थामा आएका केही उतार चढावहरुले आपूर्ति श्रृंखलामा संकुचन ल्याई नेपाललाई समेत प्रभाव पारेको छ ।यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तारणमा समेत नकारात्मक असर देखा पर्दा विकास निर्माणका कार्यले अपेक्षित गति लिन नसकेको अवस्था छ। दक्ष जनशक्तिको पलायन, लगानीयोग्य पूँजीको अभाव, बढ्दो महङ्गी, आर्थिक क्रियाकलापहरुमा आएको संकुचन, घरजग्गा व्यवसाय र कित्ताकाटमा आएको गिरावट, अत्यन्तै न्यून आन्तरिक आय जस्ता समस्याहरुबाट मुक्त भई सीमित स्रोत र साधनका बाबजुद स्थानीयबासीहरुका विकास, समृद्धि र सुशासनको सपनालाई द्रुत गतिमा पूरा गर्ने चुनौती हामीसामु विद्यमान रहेको छ।

१९. यद्यपी संविधानतः प्रदत्त एकल तथा साझा अधिकारहरुको प्रयोगको लागि कानून निर्माण गरी शक्तिशाली स्थानीय सरकारको अभ्यास मार्फत सामाजिक न्याय र सुशासन कायम गर्न सक्ने अवसरहरु व्याप्त छन्।

२०. गाँउपालिकाको क्षेत्रभित्र रहेका विभिन्न ताल, तलैया, हाटबजार, धार्मिक तथा पर्यटकीय सम्पदा आदिलाई स्थानीय सरकारको दायरामा ल्याई आन्तरिक आय विस्तार गर्नको लागि पर्याप्त सम्भावना रहेका छन्।

२१. सर्वसुलभ सडक र यातायातको पहुँचले गर्दा विविध धार्मिक, साँस्कृतिक, जातीय विविधतावाट सिर्जित कला, संस्कृति र मौलिक रहनसहन प्रवर्धन गरी पर्यटकीय लाभ लिन सक्ने अवसर रहेको छ। तिव्र बसाईसराईबाट उत्पन्न भएको जनसांख्यिक लाभ लिदै युवाशक्तिलाई स्थानीय क्षेत्रमै परिचालन गरी गाँउपालिकाको कृषि तथा साना उद्योगको क्षेत्रमा फड्को मार्न सक्ने सम्भावना रहेको छ ।

२२. दिगो विकासले लिएका लक्ष्यहरु सन् २०३० सम्म हासिल गर्नका लागि यस गाँउपालिकाले समेत स्थानीयकरण कार्ययोजनाका साथ विभिन्न कार्यक्रमहरु अगाडि बढाइएको छ भने पञ्चवर्षीय योजना निर्माण कार्य अगाडि बढेकोले योजनावद्ध विकासको लागि आधारशिला तय भएको अवस्था छ।

२३. आगामी वर्षको लागि यस गाँउपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दै गर्दा नेपालको संविधान, नेपालको संविधानको प्रस्तावनामा उल्लिखित विषयहरु, नागरिकका मौलिक हक तथा कर्तव्यहरु , राज्यकोदायित्त्व, राज्यका नीतिहरु स्थानीय तहका एकल तथा ,साझा अधिकार सूचिका विषयहरु , स्थानीय सरकार सञ्चालन ऐन, २०७४, पन्ध्रौ आवधिक योजना, दिगो विकास लक्ष्य, नेपाल सरकारका नीति तथा कार्यक्रम ,संघीय सरकार र प्रदेश सरकारका आ 81/2080 .व.का नीति तथा कार्यक्रमहरु स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, 2078 मा भएका व्यवस्था आदिलाई मार्गदर्शनको रुपमा लिएको छु।

२४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शन तथा निर्देशनहरु विगतका , कार्यक्रमहरुको समीक्षा तथा कार्यानुभव र अनुगमन तथा मूल्यांकनबाट प्राप्त पृष्ठपोषण, राजनैतिक दलना ,विषयगत शाखाहरु ,गरिक समाज लगायत सरकारी तथा गैर सरकारी संघ संस्थाबाट प्राप्त सुझावहरु, राजस्व परामर्श समितिको अध्ययन प्रतिवेदन, विभिन्न क्षेत्र र निकायमा गरिएका प्रतिवद्धताहरु समेतलाई मध्यनजर गर्दै नीति तथा कार्यक्रम ल्याइएको छ।

**आर्थिक विकासतर्फ**

२५. गाउँपालिकामा उत्पादित कृषि बाली वस्तुको उचित बजार (शीत भण्डार र संकलन केन्द्र निर्माण) व्यवस्थापन गरिनेछ। साथै माटोको गुणस्तर सुधारका लागि जिंक, कृषि, चुना, जिप्सम वितरण तथा रासायनिक मलको विकल्पको रूपमा अर्गानिक मलको रूपमा कम्पोषंट मल, जैविक मल, हरियो मल उत्पादन तथा प्रयोगका लागि कृषकहरूलाई प्रोत्साहन गरिने छ ।

२६. भण्डारण तथा पोष्ट हार्भेष्ट क्षति न्यूनिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरी कृषकहरूलाई आधुनिक कृषि प्रविधि स्प्रेयर, हाते ट्याक्टर, पावर टिलर, रिपर, आधुनिक प्लाष्टिक घर, मल्चिङ्ग प्लाष्टिक, थोपा सिंचाई जस्ता यन्त्र उपकरणको प्रयोगमा बढवा दिई कृषिलाई आधुनिकीकरण तर्फ अग्रसर

गराईनेछ साथै बाली नालीको क्षति न्यूनिकरणका लागि आकस्मिक बाली संरक्षण सेवा, प्लान्ट क्लिनिक तथा आई.पि.एम. कार्यक्रम सञ्चालन गरी कृषिलाई प्रविधि मैत्री बनाइ तेलहन बाली विकासको लागि सूर्यमुखी खेतीको क्षेत्र विस्तार गरिनेछ ।

२७. वडा नं. १ र २ मा चालु आ.व.मा सञ्चालित किसान सूचिकरण कार्यलाई ५ वटै वडामा विस्तार गरी किसानहरुको अभिलेखिकरण गरिनुका साथै किसान परिचयपत्र वितरण कार्यक्रमका लागि आवश्यक पहल गरिनेछ ।

२८. कृषकहरूलाई कृषि व्यवसाय प्रति आकर्षित गर्न माग तथा उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनुका साथै कृषि सहकारी/कृषि समूह/कृषि फर्मको माध्यमबाट कार्यक्रम माग तथा सञ्चालन गर्ने कार्यलाई उच्च प्राथमिकता दिईनेछ र प्रभावकारी सेवा प्रवाहको लागि समग्र कार्यक्रम सञ्चालनार्थ आवश्यक कानून, कार्यविधि र मापदण्डको समायानुकुल संशोधन र निर्माण गरी कार्यक्रमको प्रभावकारी अनुगमनमा जोड दिइनेछ।

२९. उत्पादन वृद्धि गरी उत्पादकत्त्वमा सुधार ल्याउने कार्यका लागि बाली विकास विशेष खाद्यान्न/तरकारी/च्याउको उन्नत विउ वितरण कार्यक्रम सञ्चालन गरिनुका साथै कृषिको औधोगिकीकरणका लागि केचप/सस/अचार तथा फ्रोजन संरक्षण सम्बन्धी प्रविधि विस्तार एवं घरेलु उद्योग स्थापनाका लागि विभिन्न निकायहरुसँग समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गर्न विशेष जोड दिइनेछ, कृषि क्षेत्रको स्तरोन्नती एवं कृषि पर्या पर्यटनका लागि यस आ.व.बाट सामुदायिक वनका खाली जग्गामा विभिन्न उन्नत जातका फलफूलका विरूवा रोप्ने नीति लिइनेछ ।

३०. फलफूल खेतीको प्रवर्द्धन तथा क्षेत्र विस्तारका लागि नर्सरी स्थापना गरी ***"एक घर एक फलफूल विरूवा अभियान"*** सञ्चालन गरिनेछ ।

३१. विगतमा च्याउ, तरकारी तथा गहुँको बिउमा दिदै आएको अनुदानलाई निरन्तरता दिइनेछ। माटो परीक्षण सम्बन्धी प्रयोगशालामा जि.पि.एस. प्रविधि जडान गरी निःशुल्क माटोको स्तरमा मापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३२. खेति योग्य जमिन बाँझो रहेको कारण कृषि जन्य वस्तुको उत्पादनमा ह्रास आइ देशको अर्थतन्त्रमा प्रतिकूल असर परेको अवस्थालाई मध्यनजर गर्दै डिग फर नेपाल सँगको सहकार्यमा ***"जोतौं जमिन सारा पारौं हराभरा"*** भन्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

३३. दिगो सिँचाईको व्यवस्था गर्न कञ्चन नदी र कोठी नदीबाट लिफ्ट सिँचाई मार्फत खेती योग्य जमिनमा सिँचाईको व्यवस्था गर्न संघीय सरकार तथा प्रदेश सरकारका निकायहरुमा पहल गरिनेछ । लिफ्ट सिँचाईको योजना सम्भव नभएका स्थानहरुमा डिप ट्युवेल र स्यालो ट्युवेल मार्फत सिचाईको सुविधा पुऱ्याइने कार्यलाई निरन्तरता दिइनेछ ।

३४. कृषकहरूलाई पशु व्यवसाय प्रति आकर्षित गर्न उत्पादनमा आधारित दूध र दुग्धजन्य पदार्थको उत्पादन प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनुका साथै नश्ल सुधारका लागि प्राकृतिक तथा कृत्रिम

गर्भाधानको कार्यक्रमलाई प्रभावकारी बनाई पशुमा कृत्रिम गर्भाधान गर्न किसानहरूलाई प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।

३५. पशुपंक्षीमा लाग्ने महामारी रोग विरूद्ध रोकथाम तथा न्यूनिकरण र रेविज रोग विरूद्धको निःशुल्क खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै विगत देखि सञ्चालन हुँदै आएको पशुपंक्षी तथा मत्स्यमा लाग्ने आन्तरिक तथा बाह्य परजीवि लगायत विभिन्न किसिमका रोगहरूको परीक्षण गरी उपचार र रोकथामका लागि पशु सेवा शाखा मार्फत निःशुल्क औषधि वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३६. कञ्चन गाउँपालिकालाई दूध, मासु र अण्डामा आत्मनिर्भर बनाउने उद्देश्यका साथ दूध, मासु र अण्डामा उत्पादनमा आधारित अनुदान प्रोत्साहन गरी व्यावसायिक रूपमा माछापालन गर्ने कृषकहरूका लागि आवश्यक अनुदानको समेत व्यवस्था गर्दै क्रमशः ४ वर्ष भित्र मत्स्य उत्पादनमा समेत आत्मनिर्भर बनाउने गरी विभिन्न अनुदानका कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ।

३७. सम्भाव्य क्षेत्रको आधारमा एक वडा एक (पशुपंक्षी, मत्स्य) उत्पादन अन्तर्गका वडा नं. १ मा भैंसीपालन, वडा नं. २ मा मत्स्य पालन, वडा नं. ३ मा गाई पालन, वडा नं. ४ मा बंगुर पालन तथा वडा नं. ५ मा बाख्रा पालन कार्यक्रमलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

३८. व्यावसायिक पशुपालक कृषक तथा मत्स्य पालन गर्ने युवा, एकल महिलाहरुलाई प्रोत्साहन गर्ने नीति अंगिकार गरी पशुपालक कृषकको समस्या समाधान गर्नका लागि कञ्चन गाउँपालिकाको वडा नं. ३, ४ र ५ लाई पायक पर्ने स्थानमा पशु सेवा सम्पर्क कार्यालय स्थापना गरी सेवा प्रवाहलाई थप विस्तार गरिनेछ ।

३९. क्षमता विकास, पशु सेवा सम्बन्धी कार्यक्रमको कार्यविधि निर्माण, पशुपंक्षी सम्बन्धी अवलोकन र चेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिई पशुजन्य उत्पादन वृद्धि गर्नका लागि पशु आहारा कार्यक्रम सञ्चालन गर्न गाउँपालिका भित्रका पशुपंक्षी तथा मत्स्य पालक कृषकहरूलाई चेतनामूलक जानकारी सहित वहुवर्षीय घाँसको विउ उपलब्ध गराइनेछ।

४०. पशुजन्य उत्पादनको लागि औद्योगिकीकरण तथा व्यावसायीकरण गर्ने कञ्चन गाउँपालिका भित्रका कृषक/कृषक समूह/सहकारीलाई प्रोत्साहन गर्ने नीतिलाई आत्मसात गर्दै व्यावसायिकरूपमा दर्ता भई गाई भैंसी पालन गरेका कृषकहरूलाई ड्राम गोवर ग्याँसमा अनुदान उपलब्ध गराई वैकल्पिक ऊर्जालाई प्राथमिकताका साथ अगाडि बढाइनेछ, जसले वैकल्पिक ऊर्जाको प्रयोगमा बढोत्तरी भई वातावरणीय स्वच्छता कायम गर्नका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै लगिनेछ ।

४१. रेविज रोग विरूद्ध भ्याक्सिन पशु सेवा शाखा मार्फत निःशुल्क लगाउने व्यवस्था मिलाइनेछ। व्यावसायिक रूपमा मासु पसल सञ्चालन गर्ने व्यवसायीलाई प्रोत्साहन गरी पशुपंक्षी तथा मत्स्य सम्बन्धी विपद् व्यवस्थापन सहयोग कार्यक्रमलाई संचालन गरिनेछ ।पशुजन्य आहाराको लागि व्यावसायिक फर्मलाई मकै खेतीलाई प्रोत्साहन गरिनेछ।

४२. छाडा पशु नियन्त्रणका लागि सैनामैना गाउँपालिका, लुम्बिनी साँस्कृतिक गाउँपालिका र गैडहवा गाउँपालिका सँगको लागत साझेदारीमा गौशाला निर्माणको कार्यलाई अगाडि बढाइनेछ ।

४३. पशुजन्य आहाराको परिपूर्ति गर्नका लागि मकै खेतीलाई प्रोत्साहन गरी उत्पादनमा वृद्धि गर्न पशु आहारा कार्यक्रम सञ्चालन गरिनेछ ।

४४. नश्ल सुधार गरी उत्पादकत्त्व वृद्धि गर्ने उद्देश्यकासाथ नश्ल सुधार कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनुका साथै पशुपालक कृषकहरुका लागि विभिन्न कार्यक्रम मार्फत प्रोत्साहन गर्ने नीति अंगिकार गरिनेछ ।

४५. ***"कृषकसँग प्राविधिक"*** भन्ने नाराका साथ कृषकहरूका समस्या समाधानका लागि कृषि र पशु प्राविधिकहरुलाई घरदैलो कार्यक्रम मार्फत परिचालन गर्ने नीति अंगिकार गरिनेछ ।

४६. पालिकाभित्र रहेका पर्यटकीय स्थलहरू जस्तै वडा नं. १ को बेलभरियामा रहेको ऐतिहासिक वरको रूख, गजेडी दानापुर ताल, कञ्चन-४ मा रहेको बौद्ध गुम्बा, भैरवघाट, तुलसीघाट, रूद्रेश्वर महादेव धाम, वडा नं. ५ मा रहेका चित्र कुटि वृद्ध आश्रम वडा नं. ३ को मलावरदेवी मन्दिर, नागपोखरी, सुपा देउराली मन्दिर, वडा नं. २ मा रहेको गणेश मन्दिर जस्ता संरचनाहरूको संरक्षण र सम्बर्द्धनमा विशेष जोड दिइनेछ जसका लागि कञ्चन गाउँपालिकाभित्र रहेका होटल तथा पर्यटन व्यवसायीहरूसँग आवश्यक समन्वय गरी पर्यटकीय स्थलहरूको प्रचार-प्रसार गरिनेछ ।

४७. गाउँपालिकाभित्र रहेका पर्यटकिय स्थलहरूका बारेमा जानकारी गराउने उद्देश्यका साथ विभिन्न स्थानहरूमा होर्डिङ्ग बोर्ड निर्माण गरी पर्यटकीय क्षेत्रहरुको बारे जानकारी गराइनेछ साथै स्थानीय भाषा, कला र संस्कृति संरक्षण गर्ने उद्देश्यले कञ्चनभित्र बेलडाँडामा होम स्टे निर्माण र सञ्चालनका लागि सम्भाव्यता अध्ययन कार्यलाई अगाडी बढाइ जातीय र साँस्कृतिक विविधताको पहिचान र संरक्षणका लागि थारू, मगर र नेवार संग्राहलयहरूको प्रवर्द्धन र विकास गरिनेछ ।

४८. सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ विभिन्न तालिम तथा कार्यक्रम सञ्चालन गरिनेछ । सहकारी संस्थाहरूको नियमन र व्यवस्थापन कार्यका लागि सहजता ल्याउन मर्जरमा आउन चाहने सहकारीहरूका लागि विभिन्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।

४९. सामूहिक खेती प्रणालीको विकास गर्न महिलाहरूद्वारा सञ्चालित कृषि सहकारी एवं उत्पादनमूलक सहकारीहरूसँग आवश्यक समन्वय गरी सहकारी खेती कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

५०. सहकारी सञ्जालसँगको आवश्यक समन्वय र सहकार्य मार्फत सहकारीको स्तरोन्नती, अनुगमन, नियमन र नियन्त्रणका लागि आवश्यक छलफल तथा अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गरी नियमित रूपमा सहकारीहरूको घुम्ती बैठक सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

५१. समाजवादको आधारस्तम्भको रूपमा रहेको सहकारीको महत्त्वलाई उजागर गर्न सहकारी संघ संस्था, सहकारी अगुवा, सहकारी सञ्जाल लगायतसँगको समन्वय र साझेदारीमा एक दिवसिय वृहत सहकारी भेलाको आयोजना गरिनेछ ।

**सामाजिक विकासतर्फ**

५२. लक्षित वर्गलाई प्रदान गरिने आर्थिक सहायताको दुरुपयोगलाई रोकि व्यवस्थित, पारदर्शी र सामाजिक न्यायका आधारमा उपलब्ध गराउनको लागि कानून निर्माण गरी सोही बमोजिम कार्यान्वनमा लगिनेछ। विभिन्न समुहबाट माग हुदै आउने आर्थिक सहायतालाई नियन्त्रण गरी सम्बन्धित निकायमा दर्ता भई यस स्थानीय तहमा सूचिकृत भएका संघ संस्थालाई मात्र आर्थिक सहायताको दायरामा समेटिनेछ।

५३. कार्यालयबाट प्रदान हुदै आएका कार्यक्रम, अभिमुखीकरण र सीप विकास कार्यक्रमहरुलाई व्यवस्थित गर्नको लागि उद्यमशिलता मार्फत आयआर्जन वृद्धि गरी वेरोजगारी समस्या न्यूनिकरण गर्ने खालका उपलब्धिमूलक तालिमहरु सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ।यसवाट हालसम्म विभिन्न कार्यक्रम शीर्षकमा हुँदै आएको फजुल खर्चको समेत नियन्त्रण हुने विश्वास लिएको छु।

५४. सामुदायिक विद्यालयको गुणस्तर वृद्धि गर्नका लागि जनप्रतिनिधि, कर्मचारी र सार्वजनिक पद धारण गरेका व्यक्तिका छोराछोरीहरुलाई अनिवार्य रुपमा सामुदायिक विद्यालयमा पढाउने नीति लिइनेछ ।

५५. विद्यार्थी तथा शिक्षक संख्या कम भएका विद्यालयहरूलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँगको सहकार्यमा समायोजन तथा मिलान गर्ने नीति अवलम्वन गरिनेछ ।

५६. गर्भवती देखि सुत्केरी सेवा सँगै नवजात शिशु सेवा र पोषण सेवाको पहुँच लक्षित वर्गसम्म पुर्‍याई आमा र बच्चाको मृत्युदर कम गर्नु अहिलेको आवश्यकता भएकोले सुनौलो हजार दिनका आमा र शिशुहरूलाई स्वास्थ्य सुधार गर्न विभिन्न सचेतनाका कार्यक्रमहरू अगाडि बढाइनेछ ।

५७. नागरिकहरूको आधारभूत मौलिक हकको रूपमा रहेको आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हकलाई सुनिश्चित गर्ने उद्देश्यका साथ गाउँपालिकाको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन गाउँपालिकाद्वारा सञ्चालित गजेडी र रूद्रपुर स्वास्थ्य चौकीहरूमा रहेका प्रयोगशालाहरूको स्तरोन्नती गरिनेछ। रेडक्रस सोसाइटीसँग भएको सम्झौता बमोजिम निःशुल्क रगत उपलब्ध गराइ रगतको अभावमा उपचारबाट वञ्चित हुनुपर्ने अवस्थाको अन्त्यका लागि विभिन्न निकायहरूसँगको समन्वयमा रक्तदान कार्यक्रम सञ्चालन गर्दै निःशुल्क रगत उपलब्ध गराउने चालू आ.व.को कार्यलाई निरन्तरता दिइनेछ।

५८. स्वास्थ्य सेवाको आधारस्तम्भका रुपमा रहेका सामुदायिक महिला स्वास्थ्य स्यवंसेविकाहरूले स्वास्थ्य क्षेत्रमा पुर्‍याएको योगदानलाई उच्च सम्मान गर्दै चालु आ.व.मा विनियोजित रकमलाई निरन्तरता दिइनेछ ।

५९. आफ्नै भवनबाट सेवा सञ्चालन गरेका ३ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको समायानुकुल स्तरोन्नतीका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६०. गभर्वती महिलाहरूलाई ८ पटक गर्भ जाँच गर्ने कार्यलाई प्रोत्साहन गर्न यस अघि वितरण गरिदै आएको आयोडिन नुन र साबुन वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ साथै सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम अन्तर्गत कञ्चनभित्रका बर्थिङ सेन्टरमा सुत्केरी हुनेहरूलाई दिइने पोषण खर्चलाई समेत

निरन्तरता दिइनेछ जसबाट वर्थिङ सेन्टरमा सुत्केरी हुनेहरूको संख्यामा उल्लेख्य सुधार आइ ***"जिरो होम डेलिभरी"*** गाउँपालिका घोषणाका लागि सहयोग पुग्नेछ ।

६१. प्राय थारू जातिमा देखिने सिकलसेल एनिमिया रोग, नसर्ने रोगहरू एवं उपेक्षित उष्णप्रदेशिय रोगहरूको रोकथाम र न्यूनिकरणका लागि सचेतना लगायतका विविध कार्यक्रमहरु सरकारी तथा गैर सरकारी निकायहरूसँगको समन्वय र सहकार्यमा सञ्चालन गरिनेछ ।

६२. पोषण मैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम अगाडि बढाई सिंगो गाउँपालिकालाई पोषणमैत्री बनाउन पोषण कार्यक्रम अन्तर्गत एक घर एक करेसावारी कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ।

६३. ज्येष्ठ नागरिकहरूको ज्ञान, सिप र अनुभवहरूको हस्तान्तरणका लागि ज्येष्ठ नागरिकहरुको सम्मानमा सञ्चालित ***"ज्येष्ठ नागरिकसँग अध्यक्ष कार्यक्रम"*** लाई यस वर्ष पनि निरन्तरता दिइनेछ।

६४. आफ्नो जग्गाको लालपूर्जा नभएका कारण अगाडि बढ्न नसकेको १५ शैयाको आधारभूत अस्पताल सञ्चालन प्रकृया नापजाँच भई पूर्जा वितरणको प्रक्रियामा रहेको हुँदा यस आ.व.मा अगाडि बढाईनेछ।

६५. कञ्चन गाउँपालिका जडिबुटी खेतीको सम्भाब्य क्षेत्र भएको हुँदा यहाँका मूल्यवान जडिबुटीहरूको पहिचान गरी ब्यावसायीक खेती गर्नका लागि कृषकहरुका लागि तालिमको व्यवस्था गरिनुका साथै ***"एक घर एक जडिबुटी खेती"*** अभियान सञ्चालन गरिनेछ ।

६६. रूद्रपुर आयुर्वेद औषधालयमा दिनहुँ आउने बिरामीको चाप तथा रोगको प्रकृतिको आधारमा अति आवश्यक औषधीहरुलाई निःशुल्क वितरणको व्यवस्था गरिनेछ ।

६७. स्वस्थ्य शरीर, शान्त मन तथा शुद्ध आचरण भन्ने मान्यतालाई आत्मसात गर्दै सामाजिक अगुवा, जनप्रतिनिधि, कर्मचारी तथा शिक्षकहरूका लागि स्वस्थ जीवनशैली, योग तथा तनाव व्यवस्थापनका लागि अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

६८. सामाजिक सञ्जालको प्रयोगबाट विद्यार्थीमा पर्न गएको नकारात्मक असरलाई न्यून गर्नका लागि विद्यालयहरूमा योग शिक्षा कार्यक्रम सञ्चालन गरी योगमैत्री नमूना विद्यालय घोषण गर्ने कार्यलाई अगाडि बढाइनेछ ।

६९. मातृशिशुको स्वास्थ्यका लागि हरेक वर्थिङ्ग सेन्टर तथा आयुर्वेद संस्थाबाट निःशुल्क दुग्धवर्धक औषधि सतावरी चुर्ण वितरण गर्ने व्यवस्था मिलाइनुका साथै रूद्रपुर आयुर्वेद औषधालयको स्तरोन्नतीका लागि विभिन्न निकायसँग समन्वय गरिनेछ ।

७०. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि नविनतम प्रविधिको प्रयोग र मानव संशाधन विकासमा जोड दिइने छ।

७१. गाउँपालिकाभित्रको समग्र शैक्षिक अवयव समेट्ने गरी गाउँपालिका शैक्षिक प्रोफाइल र सोका आधारमा आवधिक गाउँपालिकाको शैक्षिक योजना निर्माण कार्य अघि बढाइनेछ ।

७२. सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण र मर्मतको लागि संघ तथा प्रदेश सरकारसँगको समन्वयमा काम गर्ने व्यवस्था मिलाइनेछ साथै विद्यालय हाताभित्र जंक फुड निषेध गर्ने नीति लिइनेछ।

७३. कञ्चन गाउँपालिकाको धर्म संस्कृति र परिवेश समेटी कक्षा ६ देखि ८ सम्म स्थानीय पाठ्यक्रम निर्माणका लागि आवश्यक कार्य अगाडि बढाइनेछ ।साथै प्रारम्भिक बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीका लागि केन्द्र सरकारबाट प्राप्त तलव थप गरी दिनु पर्ने न्यूनतम तलबको लागि आवश्यक बजेटको कार्यलाई निरन्तरता दिइनेछ।

७४. विद्यालयको शैक्षिक स्तर सुधारको लागि सूचकमा आधारित नियमित अनुगमन तथा सुपरीवेक्षणको कार्यलाई निरन्तरता दिई विद्यालय शिक्षक एवं कर्मचारीहरुको पेशागत दायित्त्व र मर्यादालाई उच्च राख्न शिक्षक एवं कर्मचारी सम्मान कार्यक्रम सञ्चालन गरिनेछ। संघीय सरकारको विशेष अनुदान मार्फत सुविधा सम्पन्न विद्यालय भवन निर्माण कार्य निरन्तरता दिइनेछ । साथै बाल कक्षा व्यवस्थापन इ-लाइब्रेरी, विद्यार्थी प्रतिभा पहिचान एवं प्रोत्साहन कार्यलाई निरन्तरता दिइनेछ ।

७५. सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको विश्वसनीय आधारमा मूल्यांकन गर्नको लागि कक्षा ५ मा उपलब्धी परीक्षण परीक्षा र कक्षा ८ को अन्त्यमा आधारभूत तह उत्तीर्ण परीक्षा संचालन तथा व्यवस्थापन गरिनेछ ।विद्यार्थीसँग अध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ । जसबाट विद्यार्थीहरुमा नेतृत्व तथा क्षमता विकास हुनेछ ।

७६. अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको लागि सामुदायिक विद्यालयमा आवश्यक तहगत तथा विषयगत शिक्षकहरुको व्यवस्थापनको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय गरिनेछ।

७७. साहित्य क्षेत्रमा कमल चलाउनेहरूलाई लक्षित गरी सामुदायिक वाचानलय स्थापना गर्ने नीति लिइनेछ।

## युवा तथा खेलकुद

७८. कञ्चन गाउँपालिकामा खेलकुद क्षेत्रको विकासको लागि अन्तर विद्यालय खेल सप्ताह कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ । विगत देखिनै सञ्चालनमा रहेको राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।

७९. गाउँपालिका भित्रका खेलाडीहरुको पहिचान र खेलको माध्यमबाट समग्र युवा वर्गमा सकारात्मक चिन्तनको विकासका लागि पालिका स्तरिय प्रतियोगितात्मक कार्यक्रम र आवश्यक सामग्री खरिद गरी वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

८०. गाउँपालिका भित्रको समग्र खेलकुद क्षेत्रको विकासका लागि समर्पित खेलाडी र खेलकुद प्रशिक्षकहरुलाई सम्मान गरिने व्यवस्था मिलाईनेछ ।जसबाट खेल क्षेत्रको विकास हुनुका साथै खेलाडी र खेल प्रशिक्षकहरुको मनोबल उचो राख्न सहयोग पुग्नेछ ।

## रोजगार सेवा केन्द्र

८१. यसै वर्षदेखी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझ प्रभावकारी रुपमा अगाडि बढाउन सामुदायीक आयोजनामा पालिकाको र वडा तहमा समेत लागत साझेदारीका आधारमा कार्यक्रम सञ्चालन

गरिनेछ। जसबाट रोजगारीको प्रवर्द्धन र भौतिक पूर्वाधारको विकास निर्माणका साथै उक्त कार्यक्रमहरुबाट सकारात्मक परिणाम सहितको नतिजा निस्कनेमा विश्वास गरिएको छ ।

८२. वैदेशिक रोजगारबाट फर्केका नागरिकहरुको ज्ञान, सीप, पूँजी र प्रविधिलाई यस गाउँपालिकाको उन्नयन र विकासमा प्रयोग गरी नेपालमा नै थप रोजगारीका अवसरहरु सिर्जना गर्नुका साथै ज्ञान, सीप र प्रविधिको हस्तान्तरणमा समेत सघाउ पुग्नेछ । जसका लागि विभिन्न निकायहरुसँग सम्वन्य र सम्वन्ध कायम गरिनेछ ।

८३. स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागि सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ ।

८४. गाउँपालिका क्षेत्र भित्र रहेका बेरोजगार व्यक्तिहरुको तथ्याक संकलन तथा विश्लेषण गरी सूचना व्यवस्थापन प्रणालीमा बेरोजगारीको सूचि अद्यावधिक र व्यवस्थित गरिनेछ । पालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिनेछ ।

८५. वैदेशिक रोजगारमा जाने व्यक्तिहरुका लागि श्रम स्विकृत र पुनः श्रम स्विकृतको कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वयन गरिनेछ ।

८६. स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारी प्रत्याभूत गर्ने कार्यका लागि ***"कामका लागि पारिश्रमिक"* मा** आधारित सामुदायिक आयोजना संचालन गरी श्रममुलक योजना मार्फत समुदायको विकाससंगै सामाजिक संरक्षणको प्रत्याभुत गरिनेछ ।

८७. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको सिर्जना गर्न आवश्यक सीपमुलक पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिई स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ।

८८. बैदेशिक रोजगारी वोर्डवाट प्रदान गरिदै आएका सेवाहरुमा रोजगार सेवा केन्द्रबाट समेत आवश्यक सहजीकरण गरिनेछ ।रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापकीय पक्षमा थप प्रभावकारीता सिर्जना गरी पालिका स्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजागरहरुलाई उच्च प्राथमिकताका साथ अगाडि बढाउने नीति अवलम्वन गरिनेछ ।

**भौतिक पूर्वाधारतर्फ**

८९. सडक, पूर्वाधार तथा विकास निर्माणका कामहरुमा पारदर्शीता ल्याउन १० लाख भन्दा माथि लागत अनुमान भएका सम्पूर्ण निर्माण विद्युतीय बोलपत्र (E Bidding) मार्फत गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

९०. गाउँपालिका भित्र मूख्य आवश्यक चोकमा अपाङ्गमैत्री सुविधासम्पन्न सार्वजनिक शौचालय निर्माण गर्ने कार्य अगाडि बढाइनेछ ।

९१. नयाँ भवनको नक्सा पास र पुरानो भवनलाई अभिलेखीकरण तथा नियमित प्रक्रियामा लैजान पालिकाभित्र रहेका भवनको निर्माण मापदण्ड स्वीकृत गरी लागु गरिने छ साथै यस गाउँपालिकाको निर्माणको

क्रममा रहेको सडक गुरूयोजना चालु आ.व.मै स्वीकृत गरि सोही अनुसार सडक निर्माणका कार्यहरुलाई अगाडि बढाइनेछ ।

९२. गाउँपालिकाका मूख्य चोकहरूमा रहेका पुराना CCTV क्यामेराहरूको मर्मत गरी आवश्यक स्थानहरूमा थप CCTV क्यामेरा जडान गरिनेछ ।

९३. ***"फराकिलो सडक, विकासको पूर्वाधार"*** भन्ने नारालाई अवलम्बन गर्दै तयार गरिएको गाउँपालिका **Transportation Master Plan** बमोजिम सडक निर्माणलाई प्राथमिकताको आधारमा बजेट बिनियोजन गर्नुका साथै मूख्य सडकलाई चौडा गरी स्तरोन्नती गर्दै ASPHALT PAVEMENT सहितको कालोपत्रे गरिनेछ साथै गाउँपालिकाभित्र रहेका सबै सडकहरू बाह्रै महिना सञ्चालनका लागि हेभी ग्राभेल हुने गरी कार्य प्रक्रिया अघि बढाइने छ।

९४. वडा नं ४ र ५ को सीमनामा डम्पिङ्ग साइटका लागि वातावरणीय प्रभाव मूल्याङ्कन तथा निर्माणका लागि बजेट बिनियोजन गरी कार्य अघि बढाइनेछ।

९५. वडा नं. ५ को गरगरे चोकदेखि वडा नं ५ को कार्यालय सम्म जोड्ने सडक, वडा नं. ३ को हर्नाचौर भावना टोल हुँदै ढुंगाना टोल शिव मन्दिर जाने सडक र वडा नं. १ को लुम्बिनी रोड डेलर देखि वडा नं २ मुसहर बस्ती सम्म सडकहरूलाई कालोपत्रे गर्ने कार्य यसै वर्ष सम्पन्न गरिनेछ।

९६. हरैया मा.वि. भवन निर्माणका लागि बजेट बिनियोजन गरिनेछ।

९७. लौसा देखि कुचेरा चोक दानापुर बेलडाँडा हुँदै फायर लाइन सम्म जोड्ने सडकको केही भाग यसै आर्थिक वर्षमा कालोपत्रे गरिनेछ।

९८. एकै प्रकृतिका साना-साना योजनाहरुलाई एकिकृत गरी कार्य प्रक्रियाको सरलिकरण तथा गुणस्तर अभिवृद्धि गर्नको लागि एउटै ठेक्का प्रकृया वा उपभोक्ता समितिमार्फत संचालन गर्ने व्यवस्था मिलाईनेछ।

९९. यस गाँउपालिकाको मूख्य सडकको रुपमा रहेको लुम्बिनी फायरलाईन सडकलाई ४ लेन सडकको रुपमा स्तरोन्नती गर्नको लागि संघीय सरकारसँग समन्वय गरिनेछ ।

१००. यस गाउँपालिकाभित्र सञ्चालित हाट बजारहरूलाई गाउँपालिकाबाटै सञ्चालन र व्यवस्थापन गर्ने नीति अनुरूप उपयुक्त स्थानको छनौट गरी कुनै एक स्थानमा हाट बजार पूर्वाधार निर्माणको लागि यसै वर्ष कार्य प्रारम्भ गरिनेछ ।

**वातावरण तथा विपद् व्यवस्थापनतर्फ**

१०१. विपद् सम्बन्धमा कृत्रिम अभ्यास गरी जनचेतना वृद्धि गर्दै खुल्ला क्षेत्रको पहिचान र संरक्षण गर्ने कार्य क्रमशः सञ्चालन गरिनेछ ।

१०२. विपद्को पूर्व तयारी तथा प्रतिकार्य योजना तथा खोज उद्दार लगायतका तालिम, कार्यक्रम सञ्चालन गरी विपद् व्यवस्थापनमा संलग्न विभिन्न निकायहरुको कार्यमा सहजिकरण गर्दै आवश्यक कानूनी

तथा संस्थागत व्यवस्थालाई थप प्रभावकारी बनाई जोखिम क्षेत्रको पहिचान तथा नक्साङ्कन गरी सोही वमोजिम विपद् उत्थानशील योजना निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ।

१०३. विपद् जोखिम न्यूनिकरणका लागि क्षमता विस्तार तथा विपद् प्रतिकार्य योजना तयार गरी जोखिम व्यवस्थापनसँग सम्वन्धित सामग्रीहरु खरिद कार्यका लागि आवश्यक व्यवस्था मिलाईनेछ।

१०४. जमिन मुनिको पानी पुनर्भरणका लागि पानीको मुहानको संरक्षण गर्ने प्रयोजनार्थ ***"एक वडा एक रिचार्ज पोखरी"*** निर्माण गरिनेछ । जसबाट पानीका मुलहरु सर्सिने, सिंचाई सुविधा उपलब्ध भई कृषि उत्पादनमा टेवा पुग्ने र माछा पालन व्यवसायबाट आम्दानीको स्रोत समेत बढ्ने छ ।

१०५. वन, वातावरण, हरियाली प्रवर्द्धन, गाउँ सौन्दर्यीकरणमा स्थानीय जनता, उपभोक्ता र कर्पोरेट क्षेत्रसँग सहकार्य गरिनेछ ।

१०६. वातावरण संरक्षण, कार्वनको संचितिकरण प्राकृतिक स्रोतहरुबाट हुने लाभहरुको बाँडफाँड तथा जलवायु परिवर्तन न्यूनिकरण सम्बन्धी समुहमा आधारित वन व्यवस्थापन समुहहरुको भूमिका विस्तार गर्न कञ्चन नदीको दुबै तर्फको तटिय क्षेत्रमा वेत तथा बाँस लगाउने र सूचनामुलक कार्यक्रम तथा सामुदायिक उत्थानशिलताका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

१०७. कालो पत्रे तथा स्तरोन्नती भइसकेका सडकहरुका किनारामा हरियाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि सडकका दायाँ बायाँ वातावरण अनुकुलका वृक्षरोपण कार्य गरी हरित अर्थतन्त्रमा टेवा पुऱ्याईनेछ ।

१०८. वृक्षरोपण गर्नका लागि उपयुक्त सार्वजनिक जग्गाको पहिचान र अभिलेखिकरण गरी विपन्न वर्ग लक्षित समिति निर्माण गरी उक्त जग्गामा वृक्षारोपणका लागि आवश्यक व्यवस्था गरिनेछ ।जसवाट विपन्न वर्गहरुको आय आर्जनमा वृद्धि भई दिगो विकासका लक्ष्य हासिल गर्न सहयोग पुग्नेछ ।

१०९. ***"जीविको पार्जनका लागि वन"*** भन्ने अभियानलाई सार्थक तुल्याउन कृषि वन प्रणाली मार्फत हरित रोजगारी सिर्जना गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

**महिला बालबालिका तथा ज्येष्ठ नागरिक**

११०. महिलाहरुको सक्रिय सहभागितामा स्थापना हुने र सञ्चालनमा रहेका लघु उद्योगहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमहरुलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

१११. लैङ्गिक हिंसा निवारण तथा तत्काल उद्धार तथा राहत कोष सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ । जसबाट लैङ्गिक हिंसामा परेका व्यक्तिहरु प्रत्यक्ष रुपमा लाभान्वित हुनेछन् ।

११२. बालबालिकाहरुमा हुने शारीरिक, मानसिक तथा यौनजन्य दुर्व्यवहार तथा जघन्य अपराध न्यूनिकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकासका लागि विशेष प्राथमिकताका साथ विभिन्न कार्यक्रमहरु अगाडि बढाइनेछ ।

११३. बाल क्लबहरुको गठन गरी नैतिक शिक्षाको विकास हुने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ।संरक्षकत्त्व गुमाएका बालबालिका तथा अन्य व्यक्तिहरुका लागि पुनः स्थापना तथा सुरक्षित आवास लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११४. बालमैत्री स्थानीय शासनको अवधारणालाई क्रमशः कार्यान्वयन गर्न बालबालिकामा हुने शारीरीक, मानसिक र यौनजन्य दुर्व्यवहार नियन्त्रण तथा बालशोषण, दमन, अन्याय र अत्यचारलाई हटाउदै बाल अधिकारलाई पूर्णरूपमा कार्यान्वयन गर्ने नीति लिइनेछ ।

११५. बौद्धिक अपाङ्गता भएका बालबालिका तथा अन्य व्यक्तिहरूलाई सरल र सहज जीवनयापनका लागि आवश्यकता पहिचान गरी सोही अनुसारका कार्यक्रमलाई अगाडि बढाइने छ ।

११६. असहाय र विपन्न परिवारका महिलाहरूलाई क्षमता विकास तथा सीपमूलक तालिमहरु प्रदान गरी सक्षम र आत्मनिर्रभर बनाउने नीति अंगिकार गरिनेछ ।

